# भूमिअधिकार

वर्ष ६, पूर्णाङ्क १६, असोज २०६५



## रुपान्तरणमूखि भूमिसुधार कार्यान्वयनको आधार

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

# भूमिअधिकार

वर्ष ६, पूर्णाङ्क १६, २०६५ असोज (October, 2008)

## रूपान्तरणमुखी भूमिसुधार... ३



## खोसियो खेत, खोसियो खाना ............................ १८

पश्चिममा मात्र हैन, पुर्वी तराईका जिल्लामा पनि जोतिरहेको जग्गाबाट किसानलाई बञ्चित गराउने क्रम तीब्र पारिएको छ । माओवादी सरकारमा गएपछि भूमिसुधार गर्छन् भन्ने त्रास जमिन्दारमा देखिन्छ । संविधानसभाको चुनावपछि मालपोत कार्यालयहरूमा घुइँचो छ । जग्गा परिवारका सदंस्यको नाममा बाँडफाँड गर्ने, अरूलाई बेचिदिने र कमाइरहेकाबाट जग्गा खोस्ने क्रम तिब्र भएको छ । यसरी भूमि पाउने अपेक्षामा बसेका भूमिअधिकारबाट वञ्चितहरूका उल्टै कमाइरहेका जग्गा खोसिन थाल्नु अत्यन्त अन्यायपूर्ण छ । खेतीबाहेक अरू जीविका नभएकाको जग्गा खोसिनु भनेको जागिरेको जागिर खोसिनु, उद्योगीहरूको उद्योग डुब्नुभन्दा पनि ठूलो समस्या हो । जोताहाको खेत खोसिनु भनेको सर्वश्व खोसिनु हो ।




२१

वैज्ञानिक भूमिसुधारका आधार ...... ५

नीति, कार्यक्रम र बजेटमा भूमिसुधार ...... ७


भूमिसुधारको वर्ग चरित्र ...... १२

भूमिसुधार परिवर्तनको कार्यभार ...... १४

पूर्जाले ल्याएको खुशी ...... १७

लहान बैठकका निर्णय र कार्यान्वयनको सवाल ...... २०

कृषि मजदूरको ज्याला वृद्धि आन्दोलन ...... २४



२६

सामाजिक लोखाजोखा

प्रकाशक:
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
सिन्धुपाल्चोक, सम्पर्क कार्यालय: काठमाडौं, पोष्ट बक्स नं : १९७९०
फोन : ४३६०४८६, ४३५७००५, फ्याक्स : ४३५७०३३
E-mail : landrights@csrcnepal .org, Website : www .csrcnepal .org

# संविधान निर्माणमा सङ्गठन

नेपाली इतिहासले कोल्टे फेरेको छ । देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक युग सूत्रपात भएको छ । जनताको हातबाट संविधान लेखिँदैछ । यो सामान्य र स्वाभाविक अवसर मात्र हैन, ऐतिहासिक र विशेष अवसर पनि हो । यस्तो अवसरलाई सार्थक तुल्याउन संविधान निर्माणमा जनताको सहभागिता व्यापक बनाइनुपर्दछ र यो वास्तवमै देश र जनताको काँचुली फेर्ने दस्तावेज बन्नुपर्दछ ।

आज प्राप्त परिवर्तन मजदूर, भूमिहीन, किसान, महिला, विद्यार्थी, युवा सबै सङ्गठनको सहभागितामा राजनीतिक आन्दोलनलाई प्राप्त बलको फल हो । त्यसैले अबको परिवर्तनले यी वर्गलाई कसरी समेट्छ भन्ने कुराले ज्यादै महत्व राख्छ । मूलतः अबको नयाँ नेपालको सपना पूरा गर्न आर्थिक शक्ति संरचनामा फेरबदल ल्याउनुपर्दछ । आर्थिक मुद्दालाई सम्बोधन नगरिए समाजको सामन्ती शक्ति संरचना विभिन्नरूपमा रहिरहन्छ र यसले नयाँ परिवर्तनमा छेकवार लगाइरहन्छ ।

आर्थिक रूपान्तरणका निम्ति भूमिसम्बन्धी प्रश्न निकै महत्वपूर्ण छ । केही सुधारवादीहरूले संविधान बनाउने कि भूमिसुधार गर्ने भनेर भूमिसुधार रोक्न खोजिरहेका छन् । सामन्तहरू भूमिसुधारका विषयलाई जहिले पनि यो वा त्यो बहानामा किनारा लगाउन खोजिरहेका हुन्छन् । यसर्थ फेरि पनि उत्पादनका साधनमाथि पुरानै वर्गको नियन्त्रण कायम रह्यो र आर्थिक परिवर्तन भएन भने सकेसम्म राम्रो संविधान बन्नै नदिने संविधान बने पनि लागू नहुने खतरा रहन सक्छ । त्यसैले नेपालमा आगामी दुई वर्षमा के परिवर्तन हुँदैछ भन्ने कुरा विशेषरूपले भूमिसम्बन्धी व्यवस्थामा के र कस्तो परिवर्तन आउँछ भन्ने कुराले पनि निर्धारण गर्नेछ ।

राजनीतिकरूपले सामन्ती राज्य व्यवस्था भङ्ग गरिएको भए पनि आर्थिक, सामाजिक र सांस्कृतिकरूपले सामन्तवादी प्रणालीका विविध रूप र अवशेष चिर्न बाँकी छ । राजनीतिक र आर्थिक क्रान्तिको प्रक्रिया एकीकृत ढङ्गले अघि बढाएर मात्र नयाँ र जनमुखी नेपाल निर्माण सम्भव छ । यतिखेर राम्रो संविधान बनाउने र सोको कार्यान्वयन रोक्ने सामन्ती शक्तिलाई फेर्न सँगै काम गर्नुपर्नेछ ।

संविधानसभामा अहिले ६०१ जना भए पनि उनीहरू मात्रैले संविधान बनाउने हैन । संविधान बनाउने काममा त सिङ्गो देश नै लाग्नुपर्दछ । संविधानसभा बाहिर रहेर लागिपरेका जनताले जति प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन्, त्यत्ति नै संविधान राम्रो र सबैको बन्छ । तसर्थ संविधान निर्माणको प्रक्रियामा देशभर रहेका भूमिअधिकारबाट वञ्चित र तिनका सङ्गठनले आफ्ना मुद्दामा व्यापक बहस छेड्नुपर्दछ र संविधान निर्माणका काममा आफ्नो आवाज निरन्तर उठाइरहनुपर्दछ । परिवार, समुदाय, गाउँ, टोल र सङ्गठनमा यससम्बन्धी व्यापक बहस चलाऔं । आफ्ना सवालहरू जोडदार ढंगले उठाउन नछाडौ । ■





# रुपान्तरणमुखी भूमिसुधारको औचित्य

■ जगत बस्नेत

**एक भारतीय भूमिहीन किसानले भने– हामी त दासका पनि दास हौं किनभने इन्डिया अङ्ग्रेजको दास थियो, हामी यही देशमा बस्ने जमिनदारका दास छौं । इन्डियालाई स्वतन्त्र गर्न हामी सबै लाग्यौं, शान्तिपूर्ण आन्दोलन गर्‍यौं । हामी पनि स्वतन्त्र हुन्छौं भनेर भोकभोकै आन्दोलनमा लाग्यौं । आखिर त्यसको फाइदा जमिन्दारले मात्रै लिए, हामी अहिले पनि दासै छौं । भारत स्वतन्त्र भएर हामीलाई के भयो र ?**

नेपालमा पनि अहिले यही भएको छ । भूमिहीन, मोही, कमैया, हलिया, हरुवा-चरुवा, भरियाको जीवन जहाँको तहीं छ । उनीहरुको जीवनमा रुपान्तरण र खुसी छाएको छैन । हिजो सबै गरीब आन्दोलनमा आए, धनीहरु घरका छतबाट हेरेर बसे । तर आज लोकतन्त्रको फाइदा छतमा बसेर हेर्ने र कोठाबाट बाहिर ननिस्कने धनीहरुले नै बढी लिएका छन् । आखिर गरीब र धनीको शक्ति सम्बन्धमा कुनै परिर्वतन आएको छैन । गरीब, भूमिहीन, मोही, कमैया, हलिया, हरुवाचरुवा, कमलरी, भरिया र कृषि मजदूरले लोकतन्त्रबाट के पाए त ? बसेको जमिनबाट लखेटिने, मोही बेदखली हुने, निशुल्क श्रम दिने, चर्को व्याज र महङ्गी नै उनीहरुका लागि लोकतन्त्रको फल हो त ?

नेपालमा विश्वविद्यालय, विद्यालय पनि जमिनदार, मन्दिर वा गुम्बा पनि जमिनदार, उद्योगपति पनि जमिनदार, नेता पनि जमिनदार तर बिहानदेखि बेलुकासम्म खेतीमा काम गर्ने किसानचाहिँ भूमिहीन भएको पाइन्छ । उदाहरणका लागि, संस्कृत विश्वविद्यालय, स्वर्गद्धारी मन्दिरको नाममा हजारौं विघा छ, पशुपतिनाथका नाममा त्यति नै छ, गुम्बाका नाममा त्यति नै छ, प्राइभेट कम्पनीका नाममा त्यति नै छ । तर निरक्षर गरीब किसान, जसको जीविकाको विकल्प खेतीबाहेक अरु छैन, उसका नाममा एक धुर जमिन छैन ।

जमिनमाथिको स्वामित्व र नियन्त्रणले ग्रामीण शक्ति, सत्ता र गरीब किसानहरु जमिन्दारकै नियन्त्रणमा छन् । राष्ट्रिय राजनीतिमा आएको परिवर्तनले उनीहरुको जीवनमा खास केही हेरफेर गराएको छैन । यसबाट केही प्रश्न भने उब्जेका छन् । राष्ट्रिय राजनीतिमा आएको परिवर्तनले के ग्रामीण शक्ति संरचना भत्कायो ? के ग्रामीण शक्ति सम्बन्ध गरीबका पक्षमा रुपान्तरण गरायो ? गरिब जनताले खोजेको सरकार परिवर्तन मात्रै हो या समग्र समाजको रुपान्तरण ?

नेपालमा वर्गीय आन्दोलन र सवाललाई ओझेलमा पार्न जातीय, क्षेत्रीयलगायत्का आन्दोलन अगाडि बढिरहेका छन् । यी

आन्दोलनभित्र मूलतः मध्यम र उच्च वर्ग हावी छ, । दक्षिण अफ्रिकामा भूमिसुधार हुन लाग्यो भनेर काला र गोराका सवाल र जातीय सवाललाई चर्काइयो । नेपालमा पनि अब भूमिसुधार वा वर्गीय मुद्दा अगाडि आयो भनेर मध्यम तथा उच्च वर्गले आफ्नो पहिचान बनाउन र वर्गीय मुद्दालाई ओझेलमा पार्न पनि अरु आन्दोलन सिर्जना गरिरहेका छन् । के वर्गीय मुद्दा सम्बोधन नभई हामी समावेशी सङ्घीय गणतन्त्र कल्पना गर्न सक्छौं ? के हामीले गरीब, असमानता, भोक र सामाजिक अन्यायलाई जस्ताको तस्तै राख्ने सङ्घीय राज्य खोजेका हौं त ? यदि होइन भने भूमिसुधारको बहस र प्रक्रिया आजैबाट शुरु गरौं । गरीब जनताले खोजेको सरकार परिवर्तन मात्रै होइन, न्यायोचित विकास र ग्रामीण शक्ति संरचना गरीबको पक्षमा चाहेका हुन् ।

नेपालमा रुपान्तरणमुखी भूमिसुधार नहुँदा त्यसले मानवीय स्वतन्त्रता र ग्रामीण विकासलाई रोकेको छ । भूमिसुधार प्रत्यक्षरुपमा न्यायिक आर्थिक विकाससँग सम्बन्धित छ । यसले स्वास्थ्य र शिक्षालगायत्का अरु अधिकार पाउने कुरालाई पनि निर्धारण गर्दछ । यसले उच्चतम्रुपमा मानवीय सहयोग पुऱ्याउँछ । यसले अहिले रहेका हलिया, हरुवाचरुवा, कमैया, कमलरी आदि अर्धदासका रुपलाई समाप्त पार्छ । ग्रामीण सामन्तवादलाई अन्त गर्छ । राष्ट्रियरुपमा खाद्यान्न उत्पादनमा निर्भर बनाई रोजगारी सृजना गर्छ । त्यसैले नेपालमा कुनै राजनीतिक दलले भूमिसुधारको प्रक्रियालाई रोक्ने प्रयास गऱ्यो भने समग्र विकासको प्रक्रिया नै रोकिन्छ । खाद्य परनिर्भरता अझै बढेर जान्छ, ग्रामीण औद्योगिकीकरणमा अगाडि बढ्न सक्दैन, गरीब र वर्गीय असमानता झन बढेर जान्छ र देशले फेरि अर्को द्वन्द्व सामना गर्नुपर्ने स्थिति आउँछ । तसर्थ भूमिसुधारलाई प्राथमिकताका साथ लिइनुपर्दछ । नेपालले जापान, ताइवान र दक्षिण कोरियामा भएका भूमिसुधारबाट पनि सिक्न सक्छ । ती देशमा भएका भूमिसुधार सात वटा मुख्य कुराले आर्थिक, सामाजिक, राजनीतिक र साँकृतिक अवस्थामा आमुल परिवर्तन ल्याउन सफल भएको पाइन्छ । ती यसप्रकार छन्-

**पहिलो** : ३ वटै देशमा खेतियोग्य भूमि अभाव थियो । खेतीयोग्य जमिनको अभावले मूल्यवृद्धि, गरीबहरुको पहुँचभन्दा टाढा भई वर्गीय असमानता बढ्दै गएको थियो । यी पक्षलाई ध्यानमा राखेर खेती गर्ने किसानका लागि मात्र खोतियोग्य जमिन वितरणको प्रक्रियालाई अपनाइयो । जसले भूमिको न्यायोचित वितरणमा सहयोग पुग्यो र श्रम गर्नेको स्वामित्व र नियन्त्रणमा खेतियोग्य जमिन गयो ।

**दोस्रो** : जमिनको वितरण प्रक्रिया सजिलो तरिकाले सुरु गरियो । पहिला राज्यको नियन्त्रणमा भएको खेतीयोग्य जमिन वितरण गरियो, जुन करिब २० प्रतिशत थियो । त्यसपछि भूमिको हदबन्दीलाई तल झारी हदबन्दीभन्दा माथिको जमिन राज्यले लियो ।



**तेस्रो** : भूमिसुधारलाई बजारसँग जोडिएन । तीनवटै देशमा जमिनदारहरुको भूमिलाई राष्ट्रियकरण गरियो, जमिनलाई स्थानीय समितिको नियन्त्रणमा राखियो, पुनर्वितरणको याजना बनाइयो, अनि अनुदानमा मोही वा भूमिहीन किसानलाई वितरण गरियो । जमिनको मूल्य वार्षिक आम्दानीको २.५ र १.८ गुणाले तोकियो । यसले किसानलाई भूमि प्राप्त गर्न सजिलो बनायो ।

**चौथो** : सरकारले यसमा केही कठोर निर्णय र प्रतिबद्धतालाई व्यवहारमा उतायो । सरकारले भूमिसुधारको न्यायिक वितरण र ग्रामीण औद्योगिकीकरणका प्रक्रियालाई सँगसँगै लग्यो, व्यावहारिक भूमि वितरणको योजनाका लागि दक्ष जनशक्ति परिचालन गरी भूमि वितरणको प्रक्रियालाई तीब्र गतिमा अगाडि बढायो । तीनवटै देशका सरकार जमिनदारबाट परिचालित भएनन् । आफ्नो योजनालाई दृढतासाथ अगाडि बढाए ।

**पाँचौं** : तीनवटै देशमा पहिला मोहियानी हकको ग्यारेण्टी, दोस्रोमा सरकारी खेतीयोग्य जमिनको वितरण, तेस्रोमा हदबन्दीलाई तल झारेर जमिनको पुनर्वितरण गरियो । किसान परिचालनका लागि गैरसरकारी संस्थालाई अनुरोध गरियो । यसरी सरकार, किसान र गैरसरकारी संस्थाको संयुक्त प्रयासमा भूमिसुधारलाई अगाडि बढाइयो ।

**छैटौं** : जब अनुदानमा भूमि वितरण भयो, यस प्रक्रियामा गैससले किसानलाई परिचालित गरे । कुनै प्रकारको घुसपैठ र ढिलाइ हुन पाएन । जापानमा सरकार, मोही किसान र जमिनदारको त्रिपक्षीय सहभागितामा स्थानीय समितिहरु गठन र परिचालन गरियो । समितिलाई अधिकार प्रत्यायोजन गरी सम्पूर्ण अधिकार दिइयो ।

**सातौं** : भूमिसुधारको प्रक्रियालाई करिब चारदेखि पाँच वर्षको अवधिमा पूरा गर्ने सरकारको योजना र प्रतिबद्धताअनुसार तीनवटै देशमा काम अगाडि बढ्यो । यदि लामो समयको योजना गरिएको भए पूर्णरुपमा भूमिसुधार योजना सफल नहुन पनि सक्थ्यो । पछिल्लो समयमा फिलिपिन्समा १० वर्षे भूमिसुधारको योजनाले पूर्णरुपमा सफलता पाउन सकेन ।

त्यसैले यी तीन देशका अनुभवबाट सिक्न सकियो र राम्रा पक्ष लिने तथा कमजोरीलाई बुझ्ने प्रयास गरियो भने नेपालमा गर्ने भनिएको भूमिसुधार कार्यक्रमलाई सघाउ पुग्न सक्छ । हाम्रो जस्तै भौगोलिक, आर्थिक र राजनीतिक अवस्था भएका मुलुकका उदाहरणले नेपालको भूमिसुधार प्रक्रियालाई बढी सघाउन सक्छ । ■

# वैज्ञानिक भूमिसुधारका आधार

■ जगन्नाथ अधिकारी

**नेपालको अन्तरिम संविधान २०६३ ले वैज्ञानिक भूमिसुधार गर्ने प्रतिबद्धता जाहेर गरेअनुरुप अन्तरिम त्रिवर्षीय योजनाले वैज्ञानिक भुमिसुधार लागू गर्ने सहज वातावरण तयार गर्ने नीति लिएको छ। २५ भदौ २०६५ मा संविधानसभामा प्रस्तुत नेपाल सरकारको नीति तथा कार्यक्रम र ४ असोज ०६५ मा प्रस्तुत वार्षिक बजेटमा वैज्ञानिक भूमिसुधार र जोताहाको अधिकार प्रदान गर्ने प्रतिबद्धता जाहेर गरिएको छ। जसअनुसार सरकारले एउटा उच्च भूमिसुधार आयोग गठन गरी यसले दिएको सुझावअनुसार कार्यक्रम अघि बढाउने अपेक्षा गर्न सकिन्छ।**

वैज्ञानिक भूमिसुधारलाई सामन्ती भू-स्वामित्व र उत्पादन सम्बन्धलाई नष्ट गरी जमिनमा काम गर्ने वर्गको जमिनमाथिको अधिकार स्थापित गर्ने प्रक्रियाका रुपमा बुझिएको छ। नेपालको अहिलेसम्मको भू-स्वामित्वलाई सामन्ती भू-स्वामित्व भन्न सकिन्छ। किनभने भूमिपति वर्गले जमिनको स्वामित्व उत्पादन बढाउन वा पूँजी वृद्धि गर्नुभन्दा पनि यो स्वामित्वबाट राजनीतिक र सामाजिक शक्ति कब्जा गर्ने, भूमिमा काम गर्ने वर्गको शोषण गर्ने र उत्पादनका प्रक्रिया र सम्बन्धलाई यथास्थितिमा राख्ने नियत राखेका हुन्छन्। यसकारण पनि नेपालमा कृषि उत्पादन खास बढ्न सकेको छैन, जनसङ्ख्या वृद्धिको चापलाई थेग्न सकेको छैन, जसको प्रत्यक्ष प्रमाण खाद्य असुरक्षाको वृद्धिमा देखिन्छ।

नेपालमा सामन्ती भू-स्वामित्वको संरचना राज्यबाटै सिर्जना गरिएको हो। २००७ सालअगाडिसम्म राज्य नै एउटा भूमिपतिको रुपमा थियो। राज्यले नै किसानलाई जमिन कमाउन दिन्थ्यो र यसबापत अधिया, कुत वा कर लिने थियो। तर धेरै जमिन राज्यले एउटा ठेकेदार समूहलाई दिन थाल्यो। यो ठेकेदार समूह विशेषतः अभिजात वर्ग नै थियो, जसले खेतीमा काम गर्ने कृषक वर्गलाई अत्यधिक शोषण गरी उत्पादनको ठूलो हिस्सा लिने गर्थ्यो। यही कारणले नेपालका धेरै कृषक नेपालमा भूमि हुँदाहुँदै पनि भारत तथा अन्य ठाउँमा बसाई सर्न बाध्य भए। राज्यले नै केही अभिजात्य वर्ग जसले राजा र राणाको शासन चलाउन सहयोग पुऱ्याए वा पुऱ्याउने हैसियत राख्थे। उनीहरुलाई पूर्ण स्वामित्वसहित र करमुक्त हुने तवरबाट जमिन उपलब्ध गराउन थालेपछि व्यक्तिगत स्वामित्वको प्रचलन सुरु हुन थाल्यो। यसरी उपलब्ध गराएको जमिन मुख्यतः बिर्ताका रुपमा नै दिइएको थियो। त्यस्तैगरी जागिर जिमिदार आदिबाट पनि निजी सम्पत्तिको सुरुवात् हुन थाल्यो। अन्य जमिनकर तिर्ने शर्तमा राज्यले व्यक्तिहरुलाई बिक्री गर्न थाल्यो, जसले निजी स्वामित्वको रैकर जमिनको सुरुवात् भयो। २००७ सालसम्म रैकरभन्दा अन्य प्रकारका स्वामित्वमा बढी जमिन भएको देखिन्छ। त्यसपछि सरकारको विभिन्न प्रयासबाट सित्तैमा प्रदान गरिएका जमिन खोसिने प्रयास भए तर यसमा त्यति सफलता प्राप्त हुन सकेन। परिणाममा जमिनको असमान वितरण हुनपुग्यो। यो असमानता हटाउन ०२१ को भूमिसम्बन्धी ऐन र यसमार्फत् संचालित भूमिसुधार कार्यक्रम लागू गरिएको थियो। तर, यो कार्यक्रम भूमिपतिलाई फाइदा पुग्ने हिसावले फितलोरुपमा लागू भयो। जसले भूमिको स्वामित्व वितरणमा त्यति फरक ल्याएन।

नेपालमा राज्यद्वारा सिर्जित भूमिपति वर्ग र भूमिसुधारको असफलताको परिणाम अहिलेसम्म पनि देख्न सकिन्छ, जसका कारण जो पहिला भूमिपति भए उनीहरु अहिले पनि भूमिपति नै छन्। नेपालमा हाल निजी स्वामित्वमा रहेको जमिनमध्ये ८६ प्रतिशत पैतृक कारणबाट प्राप्त भएको छ, जम्मा १४ प्रतिशत जमिन बजारको माध्यमबाट स्वामित्व हस्तान्तरण भएको छ। यसलाई क्रमभङ्गता गरेर जमिनको स्वामित्व खास खेती गर्ने वर्गमा पुऱ्याउन वैज्ञानिक भूमिसुधार गर्नु आवश्यक छ। यो आवश्यकतालाई सबैजसो राजनीतिक पार्टीले आत्मसात् गरेका छन्। त्यसकारण यसप्रकारको भूमिसुधार लागू हुने सम्भावना प्रबल देखिएको छ।

वैज्ञानिक भूमिसुधार लागू गर्नुपर्ने मुख्य तीनवटा कारण छन्। पहिलो, सामाजिक र राजनीतिक न्याय प्रदान गर्नु। दोस्रो र तेस्रो कारण क्रमशः कृषिउत्पादन र उत्पादकत्व बढाउनु, वातावरणको संरक्षण गर्नु। कतिपय समूह मुख्यतः आदिवासी, दलित तथा महिलालाई राज्यले समय समयमा अन्याय/अत्याचार गरी जमिन लिएको थियो। यो अन्यायको चपेटामा परेर यी समूहको आफ्नो मानव अधिकार हनन् हुनुका साथै जमिन गुमेका कारण राजनीतिक शक्ति पनि गुमाएका छन्। यी समूहहरुको सामाजिक न्यायका लागि राज्यले यिनीहरुलाई सित्तैमा जमिन उपलब्ध गराउनुपर्दछ। बजारमार्फत् लागु गरिएका भूमिसुधार कार्यक्रमले यो



अन्याय हटाउन सक्दैन । अन्य भूमिहीन समूहलाई विभिन्न रोजगारी उपलब्ध गराएर वा बजारको नियमबाट सञ्चालित भूमिसुधार कार्यक्रममार्फत् जमिन उपलब्ध गराउन सकिन्छ । र, सबैलाई जमिन उपलब्ध गराउन भने जहाँकहीं पनि सम्भव हुँदैन । त्यसकारण रोजगारीका अवसर सर्जना, जमिनको मोहियानी अधिकार प्रवर्द्धनजस्ता कार्यक्रमबाट पनि भूमिहीन र सीमान्त कृषकलाई सहयोग गर्न सकिन्छ ।

कृषिउत्पादन बढाउने र वातावरण संरक्षण गर्ने कार्यक्रम पनि वैज्ञानिक भूमिसुधारभित्र पर्छन् । भूमिको वितरणको स्वतः उत्पादन बढ्दैन । यसका लागि कृषकको कृषिउत्पादन संरचना (जस्तै- सिंचाइ), भ्रुण, बीउ, प्राविधिक सेवा/सहयोगमा पनि पहुँच हुनुपर्छ । राज्यले यी संरचनाको साथै आवश्यक कृषि सामाग्री, उत्पादित वस्तुको बजार तथा बीमाको व्यवस्था गर्नु आवश्यक छ । कृषकलाई निरुत्साहित गर्ने सस्तो खाद्यवस्तुको आयात (जुन मुख्यतः अनुदानका कारणबाट हुन्छ) मा प्रतिबन्ध लगाइनुपर्छ, जसले आफ्नो देशभित्रको कृषिउत्पादन फस्टाउन सहयोग पुग्छ र स्थानीयरुपमा रोजगारका अवसर सिर्जना हुनपुग्छ ।

वैज्ञानिक भूमिसुधारको अर्को आधार वातावरण संरक्षण हो । उपयुक्त भूमिसुधारले वातावरण संरक्षण गर्न सहयोग पुऱ्याउँछ । कृषिमा जीवन निर्वाह गर्नुपर्ने व्यक्तिले माटोको उर्वराशक्ति बढाउने, पहिरो र भू-क्षय नियन्त्रण गर्ने कार्य गर्छन्, जब त्यो जमिन उनीहरुको स्वामित्वमा हुन्छ । तैपनि, भूमिसुधारको कार्यक्रम सञ्चालन गर्दा वातावरण जोगाउन प्रोत्साहन दिनुपर्छ । जस्तै- नेपालको पहाडी क्षेत्रमा कम्तीमा पनि दुई तिहाई क्षेत्र वन हुनु आवश्यक छ । अन्य भिरालो जमिन गह्राहरु बनाएर घाँस उत्पादन गर्नुपर्छ । यस्तो जमिन भूमिसुधारका नाममा जथाभावी वितरण गर्न सकिँदैन । त्यस्तै तराईमा पनि वनको आवश्यकता छ । चारकोसे झाडी क्रमशः नष्ट हुँदा तराईको उत्पादकत्वमा नकरात्मक असर परेको छ । त्यहाँ अझ वन-विनास भएमा वातावरणमा नकरात्मक प्रभाव परी भूमिसुधारमार्फत् जमिन प्राप्त गर्ने कृषकले पनि भूमिबाट फाइदा लिन नसक्ने हुन्छ ।

माथि उल्लिखित आधारलाई ध्यान नदिने हो वा यी आधारलाई बङ्ग्याउने हो भने भूमिसुधार कार्यक्रमले फाइदाको सट्टा बेफाइदा बढी गर्न सक्छ । उदाहरणका लागि जिम्बाबेलाई लिन सकिन्छ । त्यहाँ भूमिसुधारका नाममा र सामाजिक न्यायका नाममा गोरा जातिको कब्जामा रहेका ठूला-ठूला फार्म काला जातिमा हस्तान्तरण त गरियो तर यी ठूला फार्म पाउने व्यक्ति भने सैनिक नै भए । त्यस्तै, सरकारी जमिन स-सानो टुक्रा गरी बाँडियो तर जमिन पाउनेहरु केवल एउटा सत्तासीन पार्टीका कार्यकर्ता भए । राजनीतिक सम्बन्धका कारण प्राप्त गरेका जमिनमा राम्रो खेती हुन सकेन । किनभने जग्गा पाउनेले पनि आफ्नो जमिनको स्वामित्वको अनुभूति गर्न सकेनन् । नेपालमा पनि भूमिसुधार गर्दा भूमि प्राप्त गर्ने कृषकले भूमिमाथिको स्वामित्वको सुरक्षाको अनुभूति गर्ने र भूमिपतिलाई पनि यसका कार्यमा व्यवधान नपुऱ्याउने वातावरण तयार गर्नु आवश्यक छ । यसका लागि राष्ट्रिय बहस, संवाद र सहमतिको खोजी गर्न जरुरी छ ।

भूमि प्राप्त गर्ने कृषकले त्यसमाथिको स्वामित्वको सुरक्षा अनुभूति गर्ने र भूमिपतिहरुले पनि यस कार्यमा व्यावधान नपुऱ्याउने वातावरण तयार गर्न सकेमात्र वैज्ञानिक भूमिसुधार सम्भव हुन्छ । ■

*साभार : नयाँपत्रिका, १३ असोज २०६५*

## जनसार्कमा सहभागिता

जुलाईको १८ देखि २० सम्म श्रीलङ्काको कोलम्बोमा भएको जनसार्कमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेत र राष्ट्रिय भूमिअधिकार मञ्च नेपालका कोषाध्यक्ष सरस्वती सुब्बाले भाग लिनुभयो । त्यस्तै जुलाई २१ मा सङ्गतले आयोजना गरेको भूमिमा महिला अधिकार विषयक कार्यशालामा कार्यपत्र पेश गर्नुभएको थियो । जगत बस्नेत र सरस्वती सुब्बाले आफ्ना अनुभव सुनाउनु भएको थियो । कार्यपत्रमा नेपालको भूमि आन्दोलन, दक्षिण एसियाका भूमि मुद्दा र जनसङ्गठनको भूमिका विषय समेटिएको थियो । यो जनसार्क इन्धन र खाद्यान्नको अभाव, मौसम परिवर्तन र राजनीतिमा केन्द्रित थियो ।

# नीति, कार्यक्रम र बजेटमा भूमिसुधार

नयाँ संविधान निर्माणको सफलता, आर्थिक एवं सामाजिक संरचनामा देखिने फेरबदल र शासकीय सुधारमा आउने परिवर्तन नै माओवादी नेतृत्वको गठबन्धन सरकारको सफलता नाप्ने मुख्य सूचक हुनेछन् । जसमध्ये एउटा महत्वपूर्ण काम भूमिसुधार नै हो । भूमिसुधारबारे माओवादी निकै प्रष्ट भएर त देखिएको छ । तर सरकारमा नपुगुन्जेल हो वा साच्चै व्यवहारमा, त्योचाहि अब हेर्ने बेला आएको छ । यसबीच सरकारमा गएका दलहरुले साझा न्युनतम कार्यक्रम अगाडि ल्याएका छन् । सरकारको नीति तथा कार्यक्रम र त्यसका आधारमा बजेट पनि प्रस्तुत भइसकेको छ । यी तीनवटै दस्तावेजमा भूमिसुधारको कुरा छुटेका छैनन् ।

## साझा कार्यक्रममा भूमिसुधार

- शान्ति सम्झौतामा उल्लिखित... भूमिसुधार आयोगको गठन गरिनेछ.. ।
- वैज्ञानिक भूमिसुधार र समग्र भू-उपयोग नीति लागू गर्दै जमिनमा भूमिहीन तथा जोताहा किसानको पहुँच कायम गरिनेछ । सहकारी क्षेत्रको विकासमा जोड दिइनेछ । कृषि मजदुर, मुक्त कमैया, भूमिहीन सुकुम्बासी जनताको आर्थिक-सामाजिक उत्थानका लागि विशेष ध्यान दिइनेछ । कृषि क्षेत्रको विकास र औद्योगिकीकरणलाई उच्च प्राथमिकता दिँदै दीर्घकालीन योजना कार्यान्वयन गरिनेछ । भू-सूचना प्रणालीका आधारमा पिछडिएका क्षेत्र र समुदायमा राज्यले बढी लगानी गर्नेछ ।
- किसान, मजदूर, व्यवसायी, बुद्धिजीवी, संस्कृतिकर्मी, डाक्टर, इन्जिनियर, वकिल, कर्मचारी, प्राध्यापक, सुकुम्बासी, मुक्त कमैया, वादी, मुस्लिम, अपाङ्गलगायत् विभिन्न समुदायका जायज माग संवादद्वारा सम्बोधन गरिनेछ ।

## सरकारको नीति तथा कार्यक्रममा भूमिसुधार

३५. कृषि क्षेत्र ग्रामीण अर्थतन्त्र र रोजगारीको आधारस्तम्भ हो । यस क्षेत्रमा रहेको सामन्ती शोषण, उत्पीडन एवं त्यसका अवशेषलाई निर्मूल पार्दै जमिनमा वास्तविक किसानको हक स्थापित गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

३६. गरिबी र बेरोजगारी/अर्धबेरोजगारीको अन्त्य एवं आर्थिक वृद्धिका लागि कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादनको विविधीकरण, यन्त्रीकरण एवं आधुनिकीकरणका लागि थप पूँजी र नयाँ प्रविधिको विकासलाई प्रोत्साहन दिइनेछ । वैज्ञानिक भूमिसुधार र समग्र भू-उपयोग नीति लागू गर्दै जमिनमा भूमिहीन तथा जोताहा किसानको पहुँच र हक कायम गरिनेछ । विशिष्ट, तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभ भएका कृषिजन्य उपज र खाद्यान्न, नगदेबाली र जडीबुटी खेतीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न नीतिगत तथा संरचनात्मक सुधार गरिनेछ ।

३७. भूमिसम्बन्धी समयानुकूल सुधार र परिवर्तन नगरी हाम्रो जस्तो कृषि प्रधान देशको अग्रगामी आर्थिक सामाजिक रुपान्तरण सम्भव छैन । यस यथार्थलाई आत्मसात गरी बृहत् शान्ति सम्झौताको प्रावधानअनुरुप सरकारले छिट्टै एक उच्चस्तरीय वैज्ञानिक भूमिसुधार आयोग गठन गर्नेछ ।

३८. भूमिहीन, सुकुम्बासी, मुक्त हलिया र मुक्त कमैयालाई सामूहिक तथा सहकारी खेतीका निमित्त सरकारी स्वामित्व रहेको बाँझो जमिन उपलब्ध गराउनेछ । यसैगरी यस्ता समूहलाई स्रोत र साधनको व्यवस्था गरी सीप विकास, रोजगारी एवं आवासको सुविधा उपलब्ध गराउनेतर्फ विशेष ध्यान दिइनेछ । साथै सार्वजनिक तथा ऐलानी एवं पर्ति जमिनको अतिक्रमण रोक्ने कार्य कडाईका साथ लागू गरिनेछ ।

## आ.व. २०६५/६६ को कार्यक्रम तथा बजेटमा भूमिसुधार

सामन्ती भूस्वामित्व र उत्पादन सम्बन्धको



अन्त्य

७८. सामन्ती भूस्वामित्व र उत्पादन सम्बन्धको अन्त्य गर्न "उच्चस्तरीय वैज्ञानिक भूमिसुधार आयोग" को गठन गरिनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

७९. भूमिसुधार कार्यक्रमको सफलताका लागि जग्गाको एकीकृत अभिलेख आवश्यक पर्ने हुँदा चालू आर्थिक वर्षमा भू-अभिलेख प्रणालीलाई भरपर्दो बनाउन दुई वर्षभित्र सबै जिल्लामा विस्तार गर्ने लक्ष्यका साथ मुलुकका २५ जिल्लामा जग्गाधनी प्रमाणपूर्जा कम्प्यूटरीकृत गरी सोही अभिलेखका आधारमा एकीकृत प्रमाण पूर्जा उपलब्ध गराइनेछ। यो कार्यक्रमका लागि रु. ६ करोड बजेट छुट्याइएको छ।

८०. मुलुकमा सार्वजनिक तथा सरकारी जग्गाको अतिक्रमण बढ्दै गएकाले यस्ता जग्गाको संरक्षण गर्न देशभर रहेका सरकारी तथा सार्वजनिक जग्गाको लगत आगामी वैशाख मसान्तसम्म तयार गरी प्रकाशित गरिनेछ।

८१. हलिया प्रथाको समूल अन्त्य गरी हलियाहरुको सम्मानजनक पुनर्स्थापन गरिनेछ। पुनर्स्थापन हुन बाँकी मुक्त कमैया परिवारहरुलाई यसै आर्थिक वर्षमा पुनर्स्थापन गरिनेछ। साथै चालू रहेका मुक्त कमैया उद्यमी विकास, सीप विकास, नमूना तरकारी खेती, जग्गा सट्टाभर्ना मिलान जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसका लागि रु. १५ करोड प्रस्ताव गरिएको छ।

## चुनावी घोषणा/प्रतिबद्धतापत्रमा के थियो ?

### नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

७. मौलिक हकअन्तर्गत भूमिमाथि वास्तविक जोताहा किसानको अधिकार रहनेछ। (पेज १३)

१६. नयाँ सङ्क्रमणकालीन अर्थनीति अर्थतन्त्रमा सामन्तवादका सबै रुपहरु अन्त्य गरिनेछ। मुख्यतः भू-स्वामित्वको अन्त गर्दै जमिन जोत्नेको सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिनेछ। (पेज १५)

जमिन जोत्नेको सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गर्दै समाजका सबै क्षेत्रमा विद्यमान सामन्तवादका अवशेषलाई निमिट्यान्न पारेर तीव्र आर्थिक विकासको आधार तयार गरिनेछ। (पेज २४, नयाँ नेपालको आर्थिक आधारअन्तर्गत)

२.० कृषि र वन शीर्षकअन्तर्गत सर्वप्रथम क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिनेछ। कृषिमा सामन्ती भूमि सम्बन्ध, गैरहाजिरी जमिन्दारी आदिको पूर्ण अन्त्य गरिनेछ। वास्तविक जोताहा, मोही, मुक्त कमैया, भूमिहीन किसान, गरीब किसानलाई निशुल्क जमिन वितरण गरिनेछ। तराई, पहाड र हिमालमा फरक फरक हदबन्दीको सीमा किटान गरेर लागू गरिनेछ। (पेज २६)

३.० महिला र बालबालिका शीर्षकअन्तर्गत जग्गाधनी लालपूर्जा र नागरिकतामा महिला, पुरुष दुवैको नाम उल्लेख गर्ने प्रावधान स्थापित गरिनेछ। (पेज ३३)

*स्रोत : संविधानसभा निर्वाचन, २०६४ नेकपा (माओवादी) को प्रतिबद्धतापत्र*

### नेपाल कम्युनिष्ट पार्टी (एमाले)

- पुरानो उत्पादन सम्बन्धमा परिवर्तन ल्याउन वैज्ञानिक भूमिसुधार कार्यक्रम ल्याइनेछ र कृषिको आधुनिकीकरण र व्यवसायीकरणलाई उच्च प्राथमिकता दिइनेछ। (दफा १७, पेज १५)
- विगतको उच्चस्तरीय भूमिसुधार आयोग तथा भविष्यमा बन्ने भूमिसम्बन्धी आयोगको सिफारिससमेतलाई ध्यानमा राख्दै वैज्ञानिकरुपमा भूमिको व्यवस्थापन, वितरण तथा उत्पादकत्व वृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछन्।
- मुक्त कमैयालगायत् भूमिहीन-सुकुम्वासी जनतालाई जमिनका मालिक बनाई उनीहरुको बसोबास, शिक्षा र स्वास्थ्य जस्ता समस्या समाधान गरिनेछ। ( पेज नं. ३३ र ३४ क्रान्तिकारी भूमिसुधार र कृषिको व्यवसायीकरण शीर्षकमा)

*स्रोत : संविधानसभा निर्वाचन, २०६४ नेकपा (एमाले) को घोषणापत्र*

नोटः सरकारमा सामेल तिन मुख्य दल मध्ये मधेसी जनअधिकार फोरमको घोषणापत्रमा भूमि सम्बन्धी उल्लेख नभएकाले यहाँ नराखिएको हो।

## राष्ट्रिय भूमिअधिकार मञ्चले उठाउँदै आएका नीतिगत सवाल

सामन्ती भूस्वामित्वको अन्त्य गरी जमिनको न्यायपूर्ण वितरण एवं उन्नत व्यवस्थापन गरिनुपर्दछ। जमिन जोत्नेलाई जग्गाको मालिक बनाइनुपर्दछ। जग्गामा वैज्ञानिक हदबन्दी कायम गरी अहिलेको हदबन्दी ३ बिगाहामा घटाउनुपर्दछ। हदभन्दा बढीको जमिन भूमिअधिकारबाट वञ्चितहरुलाई न्यायोचितरुपमा वितरण गरिनुपर्दछ। अनुपस्थित जमिन्दारीको अन्त्य हुनुपर्दछ।

वास्तविक सुकुम्बासी र अव्यवस्थित बसोबासीहरु एकिन गरी स्थानीय निकाय तथा पीडित वर्गको प्रतिनिधिको सहभागितामा भोगको आधारमा जग्गाको भोगाधिकार दिइनुपर्दछ। छदम सुकुम्बासीको जग्गा खोस्ने र दण्डित गर्ने व्यवस्था हुनुपर्दछ।

तीन वर्षदेखि लगातार अरुको जग्गा जोत्दै आएका वा मुख्य बाली कमाएका बेदर्तावाल मोहीलाई स्थानीय सर्जमिनका आधारमा फिल्डमै गई मोहियानी हक प्रदान गरिनुपर्दछ। जमिन वास्तविकरुपमा खनजोत गरिरहेका किसानको मोही हक कायम गरी जोताहा हित ग्यारेण्टी गर्दै जमिनमाथिको द्वैध स्वामित्व समाप्त पारिनुपर्दछ।

ग्रामीण क्षेत्रको आवादी विर्ता, गुठी जग्गा सम्बन्धित गरीब जोताहा किसानका नाममा रैकरमा परिणत गरिनुपर्दछ ।

महिलाहरुको भूमिमाथिको अधिकार सुनिश्चित गर्न मुक्त कमैया एवं भूमिहीन/सुकुम्बासी/अव्यवस्थित बसोबासीलाई जग्गामा भोगाधिकार उपलब्ध गराइँदा महिला/पुरुष दुवैको नाममा संयुक्तरुपमा जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराइनुपर्दछ । महिलाको नाममा जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा शतप्रतिशत छुट दिइनुपर्दछ ।

उर्वर जग्गाको गैरकृषि प्रयोगलाई निरुत्साहित गर्न भू-उपयोग कार्यनीति निर्माण गरी लागू गरिनुपर्दछ । सहकारी खेतीका लागि कानूनी संरचना विकास गरी अभियानका रुपमा अगाडि बढाउनुपर्दछ । २ वर्षसम्म जग्गा बाँफो राख्नेहरुको जग्गा १ वर्षभित्र कब्जा गरी भूमिहीनलाई दिनुपर्दछ ।

एक परिवार एक जग्गाधनी दर्ता प्रमाणपूर्जा व्यवस्था कार्यान्वयनमा ल्याइनुपर्दछ । एकद्वार प्रणालीबाट जग्गा प्रशासन सेवा उपलब्ध गराइनुपर्दछ ।

भूमिहीन तथा गरीब किसानलाई सबै प्रकारका ऋणबाट मुक्त गराई परिचयपत्रको व्यवस्था गरी रोजगारी, आरक्षण तथा सरकारी सेवा सुविधाको विशेष व्यवस्था हुनुपर्दछ ।

हाल अधिकांश जिल्लामा जोताहा बेदखली र जग्गा लुकाउने काम तीब्ररुपमा छ । यसलाई रोक्न यथोचित कदम उठाइनुपर्दछ ।

## नीति र बजेटको तालमेल

सरकारको न्युनतम साझा कार्यक्रम तथा प्रस्तुत नीति तथा कार्यक्रममा वैज्ञानिक भूमिसुधार र समग्र भूउपयोग नीति लागू गर्दै जमिनमा भूमिहीन तथा जोताहा किसानको पहुँच कायम गर्ने स्पष्ट उल्लेख गरिएको भए पनि सरकारले २०६५/६६ का लागि ल्याएको कार्यक्रम तथा बजेटमा तालमेल देखिँदैन । गत वर्ष नै कार्यान्वयनमा आउनुपर्ने वैज्ञानिक भूमिसुधारको कार्यक्रम यस वर्ष पनि प्रतिवेदन बनाउने काममा मात्र सीमित हुने अवस्था देखिन्छ । वैज्ञानिक भूमिसुधार कार्यक्रम कार्यान्वयनका लागि बनाईने आयोगले प्रतिवेदन तयार पार्ने मात्र हो भने भूमिसुधारचाहिँ कहिले हुन्छ ? अब टालटुले र अलमलाउने प्रयास हैन कि भूमिसुधारसम्बन्धी ठोस कदम उठाउन आवश्यक एकिकृत भूमिसुधार नीति निर्माणमा काम गर्नेदेखि भूमि र भूमिमा आश्रितको लगत एकिन गर्ने, भूमिको पुनर्वितरण गर्ने, मोहियानी हकको सुरक्षा गर्ने, सबै किसिमका बँधुवा प्रणालीको अन्त र पुनर्स्थापना गर्नेलगायत् विद्यमान भूमिसम्बन्धी सबै समस्या छिमोल्ने शक्तिशाली आयोग बनाउनुपर्दछ । जसमा भूमिअधिकारबाट वञ्चितलगायत् सबै सरोकारवालाको समावेशी सहभागिता अनिवार्य हुनुपर्दछ । उक्त आयोगको क्षेत्राधिकार प्रतिवेदन बनाउनेमा मात्र सीमित नराखी कार्यान्वयन गर्नेसम्मको हुनुपर्दछ । यस्तो आयोग केन्द्रमा मात्र बनाएर हुँदैन । जिल्ला जिल्लामा पनि भूमि अधिकारबाट वञ्चितको समेत सहभागितामा आयोग बन्नुपर्दछ । यसका लागि छुट्याइएको बजेट अत्यन्त अपुग देखिन्छ ।

**अर्थमन्त्री समक्ष मञ्चले राखेको मागहरु**

१. भूमिसुधारको कामलाई व्यवस्थित ढङ्गले थालनी गर्न भूमि आयोग तत्काल बनाउनुपर्ने आवश्यकता छ । यी आयोग अब राष्ट्रिय तहमा मात्र बनाएर हुँदैन । समस्या ज्यादा भएका जिल्लामा जिल्लास्तरका आयोग पनि बनाउनु पर्नेछ । यो आयोगका लागि आवश्यक बजेट छुट्ट्याइयोस् ।

२. जग्गा, जग्गाको स्वामित्व र उपयोगको अवस्थाको नयाँ तथ्याङ्क लिनुपर्ने आवश्यकता छ । यस्तो आङ्कडाले भूमिसुधारको नयाँ नीति बनाउन पनि आधार दिनेछ । भूस्वामित्व, मोही र भूमिहीनको लगत लिने कार्यक्रम तथा बजेट यो सरकारको प्राथमिकतामा पारियोस् ।

३. महिला, दलित र अपाङ्गको नाममा जग्गा रजिष्ट्रेशन गर्दा २० प्रतिशत दिँदै आएको छुटको सीमा बढाएर कम्तिमा ५० प्रतिशत पुऱ्याउनुपर्दछ । अहिलेको २० प्रतिशत छुट दिँदा महिलाको स्वामित्वमा गएको जग्गाको अनुपातमा ५० प्रतिशत छुटले ठूलै प्रभाव पार्नेछ । एकल महिलाले जग्गाको स्वामित्व लिंदा कुनै शुल्क नलाग्ने व्यवस्था हुनुपर्दछ ।

४. भूमिहीन र जोताहा किसानका लागि विशेष कार्यक्रम ल्याइनुपर्दछ । साना र मध्यम किसानलाई कृषिमा अनुदानको व्यवस्था हुनुपर्दछ ।

५. हलिया, हरुवाचरुवालगायत्का अर्धदासको सम्पूर्ण ऋण खारेज गरी पुनस्थार्पनाका लागि बजेट छुट्ट्याइनुपर्दछ । मुक्त कमैयाको समस्या छिमोल्ने गरी कार्यक्रम तथा बजेट ल्याइनुपर्दछ ।

६. नेपालका बहुसङ्ख्यक किसान, दलित भूमिहीन, चेपाङ्गलगायत्का आदिबासी समुदायहरु कृषि विकास बैङ्क र सुदखोरको ऋणको चपेटामा छन् र उनीहरुको थोरै जग्गा पनि गुम्ने अवस्था आएको छ । साना किसान ऋणको मारमा परेर भूमिहीनताको भँड्खालोमा पर्दैछन् । तसर्थ निश्चित नियम सीमा राखेर यस्तो ऋण मिनाहा गरिनुपर्दछ ।

कमैया पुनर्स्थापनाका लागि सीपमूलक काममा जोड दिइएको छ । यसले कमैयाको वास्तविक पुनर्स्थापना हुन सक्दैन । जग्गाको व्यवस्था गर्नेबारे स्पष्ट कार्यक्रम आउनुपऱ्यो । हलिया पुनर्स्थापनाको काम जमिनको व्यवस्थासहित १ वर्षभित्र सम्पन्न गरिसक्नुपर्दछ । साथै तराईमा चर्कोरुपमा रहेको हरुवाचरुवा समस्यालाई पनि साथै सम्बोधन गरिनुपर्दछ । भू-उपयोगसम्बन्धी नीति बनाउने कुरा नीति तथा कार्यक्रममा उल्लेख भए पनि यस आंवको कार्यक्रममा आएको छैन । भूमिसुधार तथा व्यवस्था कार्यक्रममा हदबन्दी लागू गर्ने र सोको कार्यान्वयन गर्ने कुरा कहीं कतै परेको छैन । बाँफो तथा सार्वजनिक, ऐलानी एवं पर्ति जमिनमा खेती गराउने कुरा सकारात्मक भए पनि विद्यमान भूमि वितरणको असमानतामा आँखा चिम्लेर टालटुले भूमिसुधारले कुनै निकास दिने छैन । सरकारले नयाँ हदबन्दी कायम गरी हदबन्दीभन्दा बढीको जग्गा पुनर्वितरण गर्ने स्पष्ट

नीति तथा कार्यक्रम आउनुपर्दछ। मोहियानी हकका विषयमा कुनै कार्यक्रम परेको छैन। देशभर हजारौं मोही किसानहरु हकबाट वञ्चित छन्। मोही हक पाएकाले आधा जग्गा पाएका छैनन्। यो महत्वपूर्ण मुद्दा कार्यक्रम तथा बजेटमा कतै उल्लेख छैन।

गुठी संस्थान र गुठी जग्गाको उपयोग अलपत्र अवस्थामा छ। गुठी संस्थान खारेज गरी गुठी जग्गाको व्यवस्थापन मालपोत कार्यालयले गर्ने व्यवस्था गरिनुपर्दछ। यो पक्षलाई आँखा चिम्लिएको छ।



यस कार्यक्रमले महिलालाई जमिनको मालिक बनाउनेतर्फ कुनै सोचाई राखेको छैन। महिलाको नाममा जग्गा रजिष्ट्रेशन गर्दा दिँदै आएको छुटको सीमा बढाएर २५ प्रतिशत पुऱ्याइएको छ। यो छुट अझै आकर्षक छैन। सीमित वर्गका लागि मात्र देशभरको जग्गाधनी पूर्जा महिला र पुरुष दुवैको संयुक्त स्वामित्वमा जारी गर्ने कार्यक्रम यसै आर्थिक वर्षमा लागु गर्नुपर्दछ।

आजसम्म सबैले भूमिसुधारको एजेण्डालाई सत्तामा पुग्ने भऱ्याङ मात्र बनाए। त्यसैको फलस्वरुप मुलुकको सामन्तवादी भूमि व्यवस्थामा कुनै तात्विक परिवर्तन आउन सकेन। यही जोताहा किसानको हितमा नरहेको भूमि व्यवस्था नै मुलुकमा आर्थिक गरिबी र सामाजिक उत्पीडन उत्पादन गर्ने मुख्य कारखानाका रुपमा अझैसम्म लिरिङतिरिङ अवस्थामा चलिरहेको छ। राजनीतिक नेतृत्वको यथास्थितिवादी वा अवसरवादी चरित्र र राष्ट्रिय अठोटको अभावका कारण भूमिसुधार सर्वसम्मत एजेण्डा बन्न सकेको छैन।

नेपाली भूमि व्यवस्थामा फेरबदलका लागि ६ दशकयता निरन्तर सङ्घर्ष हुँदै आएको छ। हिजोका दिनमा भूमिलगायत् सम्पत्तिको वितरण व्यवस्थामा फेरबदल ल्याउन नचाहनेहरुका हातमा सत्ताको वर्चश्व भएकाले भूमिसुधारले कुनै प्राथमिकता पाएन। हिजोको अवस्थामा अहिले ठूलो फेरबदल आएको छ। राष्ट्रिय राजनीति र सत्तामा श्रमजीवी वर्गको उल्लेखनीय उपस्थिति छ। अहिले पनि भूमि व्यवस्थाको पुनर्संरचना गर्न सकिएन भने यो मुलुककै लागि दुर्भाग्य हुनेछ। भूमिसुधार गरेर गरीबलाई बलियो बनाउने काम भएन भने लोकतन्त्रको जग पनि बलियो बन्ने छैन। आर्थिक प्रगति नभएको अवस्थाको राजनीतिक व्यवस्थाले आम नेपालीको जीवनमा कुनै अर्थ नराख्ने निश्चित छ।

पुस्तौंपुस्तादेखि जरा गाडेर बसेको भेदभाव, असमानता र यसको उपज गरिबी कम गर्न भूमिसुधार गर्नुपर्ने कुरा अब ढाकछोप गरेर साध्य चल्दैन। जग्गाबिहीनताका कारण नै गरिबीलाई ऋणको बन्धनमा राखिएको छ। मोहियानी हकसम्बन्धी लिइएको गलत नीतिका कारण जग्गा कमाउन दिने र कमाउने दुवै असुरक्षित महसुस गरिरहेका छन्। प्रत्येक पटकको भूमिसुधारका घोषणा खेती नगर्ने जमिन्दारलाई जग्गा लुकाउन सचेत गराउनेभन्दा थप केही हुन सकेको छैन।

नेपालको भूमि व्यवस्था २०२१ सालमा पञ्चायती व्यवस्था स्थापित गर्न तथा लोकप्रिय तुल्याउन मञ्चन गरिएको राजनीतिक नाटकस्वरुप ल्याइएको भूमि ऐनको जालोमा बेरिएको छ। यो ऐन खारेज गरेर नयाँ जनमुखी भूमि ऐन नल्याई अहिलेकै नीति र संरचनामा लटपटिए माओवादीले पनि भूमिसुधार गर्न सक्ने छैनन। अतः यो ऐन खारेज गरी नयाँ जनमखी भूमि ऐन निर्माण गरेर लागू गर्नुपर्दछ। यस्तो नयाँ ऐनपछि जनताले व्यवहारमा सामन्ती व्यवस्था उन्मूलन हुन थालेको अनुभव गर्न पाउनेछन्।

## सङ्गठनलाई आएका अन्य अवसर

सरकारले "हाम्रो गाउँ, राम्रो बनाउँ" को नारासाथ गाउँ विकासको अभियान संचालन गर्न प्रत्येक गाउँ विकास समितिलाई न्युनतम अनुदान १५ लाखदेखि अधिकतम् रु. ३० लाखसम्म हुनेगरी जनसङ्ख्या, लागत तथा भौगोलिक क्षेत्रफलका आधारमा वितरण गर्ने कार्यक्रम ल्याएको छ। यो स्रोतमा भूमिअधिकार मञ्चले आ-आफ्नो परिवेशअनुसारका विकास कार्यक्रमका लागि बजेट माग गरी उपयोग गर्न सक्छन्।

आम जनसमुदाय र खासगरी मजदूर, किसान, सुकुम्बासी, विद्यार्थी र गरिबीको रेखामुनि रहेका जनतालाई दैनिक उपभोगका वस्तु सुपथ मूल्यमा सहज तरिकाले गुणस्तरको प्रत्याभूतिसहित आपूर्ति गर्न प्रत्येक गाउँ विकास समितिमा एक-एक वटा र नगरपालिका क्षेत्रमा प्रत्येक ३० हजार

जनसङ्ख्याको बीचमा एउटा-एउटा गरी ४ हजार उपभोक्ता सहकारी संस्था निर्माण गर्ने र वार्षिक रु. १ लाखका दरले अनुदान उपलब्ध गराइनेछ । यस्ता सहकारी निर्माणमा सक्रिय हुन सकिन्छ ।

गरिबी निवारण कोषका कार्यक्रमहरु संचालन भएका जिल्लामा गरिबीको रेखामुनि रहेका परिवारलाई परिचयपत्र दिइने भएको छ । अन्य जिल्लामा यस्ता परिवार पहिचान गरी जिल्ला विकास समितिले परिचयपत्र दिने उल्लेख छ । यस्तो परिचयपत्र पाएकालाई सहकारी पसलहरुमार्फत् सुपथ मूल्यमा अत्यावश्यक उपभोग्य वस्तु बिक्री गर्ने व्यवस्था मिलाइने हुँदा मञ्चले यस काममा सचेतपूर्वक कदम चाली आफ्ना सङ्गठनका सदस्य सबैको परिचयपत्र लिन पहलकदमी लिनु आवश्यक छ ।

कृषि उत्पादकत्व बढाउन "गाउँ गाउँमा सहकारी, घरघरमा भकारी" नाराअन्तर्गत साना किसानहरुलाई सहकारी अवधारणामा खेती गर्न उत्प्रेरित गरिनेछ । दलित तथा सामाजिकरुपमा विपन्न एवम् पिछडिएका जनजाति, महिला, सुकुम्बासी, मुक्त कमैया र भूमिहीनलाई सहकारीमा आबद्ध गरी सम्भाव्यताका आधारमा अतिक्रमण नहुने गरी सामुदायिक वन, मुक्त कमैया क्षेत्र, नयाँ वृक्षारोपण भएको क्षेत्र, विद्युतीय प्रसारण लाइनमुनि रहेको खाली जग्गा र सरकारी बाँझो जग्गामा खेती गर्न प्रोत्साहन गरिएको छ । सहकारी खेतीलाई प्रोत्साहन गर्नका लागि रु. ८ करोड ५० लाख विनियोजन गरिएको छ । यसको विस्तृत कार्यविधि र निर्देशिका संशोधन र परिमार्जनसहित कृषि तथा सहकारी मन्त्रालयले कात्तिक महिनाभित्र प्रकाशित गरी कार्यान्वयनमा ल्याउने उल्लेख छ । तसर्थ यसरी सामूहिक खेतीका लागि पनि सङ्गठनले व्यापक कदम उठाउन सक्छ ।

आगामी दुई वर्षभित्र निरक्षरता उन्मूलन गर्ने अठोटका साथ "अक्षर चिनौं, सभ्य बनौं" भन्ने नारा लिएर राष्ट्रिय साक्षरता अभियान संचालन गरिने र यसका लागि हरेक गा.वि.स.का प्रत्येक वडामा स्थानीयरुपमा साक्षरता स्वयम्सेवक नियुक्त गरिने व्यवस्था छ । यो कार्यक्रमलाई पनि सङ्गठनले पनि आफ्ना सबै परिवार र सङ्गठनका सदस्यलाई साक्षर बनाउने अभियानमा जुट्न जरुरी छ । ■

# पैदल यात्राले ल्याएको परिवर्तन

जिल्ला भूमिअधिकार मञ्चले गरेको पैदल यात्राबाट प्रभावित भई प्रगतिशील भूमिअधिकार मञ्च, भवानीपुर-९ मेदनीपुरमा सङ्गठित सुकदेव सदा हिजोआज भूमि अभियानका अगुवा बनेका छन् । उनी भन्छन्- *मैले चिनेका, आफ्नै उमेरका आफन्तहरु हात उचाल्दै नारा लाउँदै असारको घाममा मेरै घरअगाडि हिँडेको हेरिरहेको थिएँ । उनीहरुको नारा "बन्दूक नै कोदाइर चाही, भूमिहीन सबके जग्गा चाही"* मलाई मन पर्‍यो ।

२०६३ साल असारमा भएको पैदल यात्रापछि इँटा भट्टा, माटो काट्ने, ज्याला मजदुरी काम गर्ने भूमिहीन दलितहरु सङ्गठित हुन थाले । मेदनीपुरका २४ घर सङ्गठित भई भूमि मञ्च बनाए । मेदनीपुरमा ललितमणि दीक्षितको नाममा रहेको भनिएको साँढे तीन विघा जग्गा बाँझो थियो । त्यस जग्गाको उपभोग जसले सक्यो, उसैले गर्थ्यो । त्यो जग्गामा सङ्गठनले सामूहिक खेती गर्ने विचार गर्‍यो, शुरुमा जोत्न सकिएला र भन्ने थियो । छलफल, जुलुस र धर्नाले उनीहरुलाई साहस दियो । बैठकमा छलफलपछि सङ्गठनको झण्डा गाडे र तल बसेर नारा लगाए । झण्डा गाडेको देखेर गाउँका अन्यले हामीलाई मूर्ख हो फस्छौ पनि भने ।

दलित संरक्षण अभियान मञ्चसँग यसबारे कुरा भयो । उहाँहरुले सहयोग गर्ने बताउनुभयो । यसपछि बाँझो खेतमा सामूहिक खेती सुरु गरियो । ९ हजार ५ सय ऋणमा मल बीउ खरीद गरेको रकम दलित संरक्षण अभियान मञ्चले तिरिदियो । वर्षे र हिउँदे गरी दुई बालीबाट ३२ क्विन्टल धान, ११ क्विन्टल गहुँ फल्यो । गहुँ प्रति घरधुरीले ४२ के.जी.का दरले बाँडियो भने धान बेचेको ३८ हजार राष्ट्रिय वाणिज्य बैंकमा छ । जसलाई आन्दोलन कोषको रुपमा राखिएको हो ।

आफैंले फलाएको अन्न खान पाएकामा गर्व लागेको सुनाउँछिन् चन्देश्वरी सदाय । अहिले भूमिहीनको कार्यक्रम भनेपछि के महिला के पुरुष सबैको ताँती हुन्छ । आपसी समझदारी बढेको छ । संस्कार र सहयोगमा क्रमश: सुधार आउन थालेको छ । केही पर्‍यो भने बैठक बस्छन् र सुकदेव सदा आफैं माइन्युटमा निर्णय लेख्छन् । ■



– सुकदेव सदा, अगुवा भूमिआन्दोलन सिरहा

# भूमिसुधारको वर्ग चरित्र



■ सरेश नेपाल

**हाम्रो समाजमा भूमिसुधारलाई मूलतः दुई दृष्टिकोणबाट हेर्ने गरिएको छ। विद्यमान भू-स्वामित्वबाट लाभान्वित वर्गले भूमिसुधारलाई सरकारले भूमि खोस्ने र अरुलाई बांड्ने भन्ने बुझेको छ। यो वर्ग भूमिलाई आफ्नो सम्पत्ति ठानिरहेकाले त्यसको हकबाट वञ्चित गराउने काम भूमिसुधारबाट हुन्छ भन्ने धारणा बनाइरहेको छ। त्यसैले भूमिसुधारको कुरालाई यो वर्ग सुन्नै चाहादैन। हामीकहां अब ठूला जमिन्दार नै छैनन्, हदबन्दी घटाएर पनि जग्गा निस्कनेवाला छैन, त्यसैले भूमिसुधार गर्नुको औचित्य छैन भनेर यो वर्ग भूमिसुधार विरोधी भूमिका निर्वाह गरिरहेको छ।**

अर्को वर्ग हो विद्यमान भूस्वामित्वबाट अन्यायमा परेका भूमिहीन वा साना (खान नपुग्ने) जोताहाहरु। यो वर्गले भूमिसुधार भनेको मूलतः भूमिको पुनः वितरण हो भन्ने बुझेको छ। आम क्रन्तिकारी भूमिसुधार भनेको "जसको जोत उसको पोत" हो भन्ने धारणा पालेको छ। जोताहालाई आफुले जोतेको भूमिको मालिक बनाउने कानूनी प्रक्रियालाई भूमिसुधार भनिन्छ भन्ने यो वर्गको बुझाई छ। धेरै जमिन हुनेहरुले विगतको शक्ति संरचनाबाट फाइदा उठाएर विना परिश्रम अकुत भूमि ओगटेकाले विद्यमान भूस्वामित्व अन्यायपूर्ण छ भन्ने धारणामा यो वर्ग प्रतिबद्ध छ।

माथि उल्लिखित दुई वर्ग सामन्ती उत्पादन सम्वन्ध र त्यसले सृजना गरेको सामन्ती भूस्वामित्वको पक्ष र विपक्षका शक्तिहरु हुन। यी वर्गका टकराबबाट सामन्ती प्रथा खारेज हुने र समाजले विकासको नयाँ फड्को मार्ने परिस्थिति जन्माउँछ। अहिले राजनीतिक, नागरिक समाज, कर्मचारीतन्त्र, न्यायालय, सुरक्षा निकाय सबैमा यी दुवै धारणाबीच द्वन्द्व छ। राजनीतिक दलहरु र नागरिक समाजबाट व्यक्त धारणाका पक्ष विपक्षमा अन्य क्षेत्रको प्रतिक्रिया पनि आउने गर्छ। आम राजनीति नै यी दुई वर्गको धारणाको प्रतिनिधित्व गर्ने क्षेत्र हो। त्यसैले राजनीतिक चेतनाको विकास क्रममा भूमिसुधारको मुद्दा जोडिने गरेको छ।

नेपाली समाज सामन्ती चरित्रबाट पूँजीवादी चरित्रतर्फ सङ्क्रमण भइरहेको छ। यो सङ्क्रमण काल कहिले हिंसात्मक ढङ्गले, कहिले संसदीय सङ्घर्षका रुपमा त कहिले सहकार्यका रुपमा अभिव्यक्त हुने गरेको छ। हाम्रो मुलुकको वर्तमान स्थिति भनेको यी दुई वर्ग एकले अर्कोलाई निषेध गर्ने तहसम्मको विकास नभइरहेको स्थिति हो। सामन्ती उत्पादन सम्बन्धको पक्षधरको राजनीतिक नेतृत्व दरवारिया शक्तिले गरे पनि अहिले मुलुक गणतन्त्रमा प्रवेश गरिसकेको छ। नेपाली समाज आर्थिक र सामाजिक रुपान्तरणको व्यग्र प्रतीक्षामा रहेका कारण पनि भूमिसुधार सार्वजनिक महत्वको सवाल बनिरहेको छ। यस्तो स्थितिमा नेपालको राजनीति नै भूमिसुधारको एजेण्डालाई लिएर ध्रुवीकरण हुँदैन भन्न सकिने अवस्था छैन।

ग्रामीण समाजलाई अग्रगामी रुपान्तरण गर्ने प्रक्रिया भूमिसुधारबाट अलग रहेर सम्भव छैन। वर्तमान लोकतान्त्रिक शक्तिबीचको



सहकार्य महत्वपूर्ण कि मुलुकको आर्थिक सामाजिक रुपान्तरणको सवाल महत्वपूर्ण भन्ने प्रश्न पनि बहसको विषय बनिरहेको छ। विद्यमान सामाजिक संरचनाबाट राम्रो फाइदा उठाइरहेको वर्गलाई लोकतान्त्रिक सहकार्यको नाममा आर्थिक सामाजिक रुपान्तरणको प्रक्रियालाई असान्दर्भिक बनाउनु छ। त्यसैले शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने र नयाँ संविधान निर्माणमा सहज वातावरण सृजना गर्ने बाहनाबाजीमा भूमिसुधारको मुद्दालाई फेरि पनि थाँती राख्ने अर्को षडयन्त्र नहोला भन्न सकिँदैन।

भूमिसुधारको पक्ष र विपक्षमा विभाजित नेपाली समाजमा ढुलमुले, अस्पष्ट र अस्थिर चरित्र बोकेका मध्यम वर्गीय जमात पनि छ। यो वर्गलाई साथ लिनु अर्को गल्ती ठहरिन सक्छ। भूमिअधिकारबाट वञ्चितहरुको सङ्गठित दबावको स्थितिले यो वर्गलाई न्यायको पक्षमा उभिन बाध्य पार्नेतर्फ ध्यानाकर्षण हुनुपर्छ। आफू कृषिमा काम नगर्ने तर भूस्वामित्वबाट वञ्चित हुन पनि नचाहने वर्गको बाहुल्यतालाई नकार्न सकिँदैन। यो वर्ग पनि 'जसको जोत उसको पोत' वा "गैरहाजिरी जमिन्दारीको खारेजी" को विपक्षमा उभिन सक्छ। यो वर्गलाई भूमिको न्यायोचित पुनर्वितरणबाट लाभान्वित बनाउन नसके पनि नोक्सान नपुऱ्याउने दृष्टिकोण भूमि अधिकारवादीहरुसँग हुनुपर्छ कि पर्दैन र पर्छ भने त्यसको खाका कस्तो हुनुपर्छ भन्ने बहस पनि खाँचो छ।

नेपालमा विद्यमान राजनीतिक दलका नेताहरु मध्यम वर्गलाई चिढाउन नचाहने सोचमा छन्। यो वर्गलाई भूमिअधिकारको आन्दोलनमा सँगै लिएर हिँड्ने किसिमको जनसङ्गठन अहिलेको खाँचो हो। हाम्रो आर्थिक तथा सामाजिक रुपान्तरणको सङ्घर्षमा हामी दुईखाले 'अति' को शिकार भएका छौं। गरीब वर्गका राजनीतिक प्रतिनिधिहरुले गरिबीको मुद्दा छोड्दै जानु र आन्दोलन विशुद्ध गरीब वर्गबाटै अघि बढ्छ भन्ने धारणा व्यवहारबाट प्रमाणित हुन नसकेको ठान्नुलाई एउटा 'अति' को रुपमा बुझ्नुपर्छ भने अर्को गरीब वर्गको आन्दोलनको सङ्गठन तथा नेतृत्व विशुद्ध गतिवान हुनुपर्छ अन्यथा आन्दोलनले समात्ने कार्यदिशा गलत हुन्छ भन्ने ठान्नुलाई दोस्रो 'अति' का रुपमा लिन सकिन्छ। आन्दोलन अगाडि बढाउन आफ्नो सवालप्रति सचेत र जागरुक भइरहने चेतना खाँचो पर्छ। चेतनाको पक्षलाई लवाइखवाईको मापदण्डबाट मात्र हेरियो भने हाम्रो बुझाइ मनोगत हुन्छ। आफ्ना मागप्रतिको अडान र दृष्टिकोण स्पष्ट छैन तर सवालसँग गाँसियो भन्दैमा उसलाई आन्दोलनको नेतृत्वको हकदार ठानियो भने पनि त्यो पनि सही नहुन सक्छ।

भूमिअधिकारको आन्दोलन हाम्रो मुलुकको आर्थिक सामाजिक परिवर्तनको सबैभन्दा जल्दोबल्दो मुद्दा हो। यसले पुरानो सामन्ती समाजलाई लोकतान्त्रिकरण मात्र गर्दैन, नेपाली समाजलाई समृद्ध बनाउने आधारशीला पनि निर्माण गर्दछ। यसलाई दलगत विवादको भुमरीबाट कसरी जोगाउने, मध्यमवर्गीय भ्रमहरुलाई कसरी हटाउने र नेपाली समाजको पुनः संरचनाको सर्वाधिक महत्वपूर्ण एजेण्डाका रुपमा कसरी स्थापित गर्ने भन्ने प्रश्न हाम्रो अगाडि चुनौतीका रुपमा छन्।

भूमिअधिकार आन्दोलनको स्टेरिङ राजनीतिक दल, सामाजिक सङ्घसंस्था वा वैदेशिक दातृ निकायको हातमा हैन, भूमिअधिकारबाट वञ्चितकै हातमा हुनुपर्दछ। यो हाम्रो मुलुकको अग्रगामी रुपान्तरणको साझा एजेण्डाका रुपमा अगाडि आउनु पर्दछ। त्यसका निम्ति सवालमा स्पष्ट सहकार्यमा जोड दिँदै हाम्रै मुलुकको यथार्थतामा आधारित भएर जनमुखी भूमिसुधारको खाका तय गर्न खाँचो छ। ■

## हरुवा-चरुवाको नेतृत्व विकास तालिम

जिल्ला भूमि अधिकार मञ्च सप्तरीले ३-दिने नेतृत्व विकाससम्बन्धी तालिम भाद्र १०, ११ र १२ गते आयोजना गरेको थियो। सप्तरीको ८ वटा गाविसको हरुवाचरुवालाई लक्षित गरेर गाउँस्तरको अगुवा कार्यकर्ता निर्माण गर्ने भनिएको त्यस तालिममा ४४ जना सहभागी थिए। जसमा २४ जना महिला थिए। तालिमको अन्त्यमा सहभागीले आ-आफ्नो गाउँका निम्ति कार्ययोजना बनाएका थिए। त्यसमा मुख्य तीनवटा विषय समेटेका थिए :

- गाविस र स्थानीय दलका नेताकहाँ घोषणापत्रबारे डेलिगेसन
- जमिन्दारसँग छुट्टी पाउनुपर्ने व्यवस्थासम्बन्धी छलफल
- जिल्लाका सरोकारवालाहरुसँग राष्ट्रिय तहले तोकेबमोजिमको ज्याला निर्धारणसम्बन्धी छलफल

## लमहीमा महिला भेला

दाङको लमहीमा भूमिअधिकारबाट वञ्चित महिलाको भेला भएको छ। भेलामा ग्रामीण किसान महिलाको भोगाई र जल्दाबल्दा सवालमा भेलामा छलफल भएको छ। खेतीमा सबभन्दा बढी काम गर्ने महिलाको भूमिमा स्वामित्व नभएकाले कमजोररुपमा बाँच्नुपरेको उनीहरुले गुनासो गरे सम्पत्तिका रुपमा रहेको थोरै भूमिमा महिलाको कुनै हक नहुँदा आफूहरु पछाडि परेको उनीहरुले बताएका छन्। कतिले परिवारकै नाममा स्वामित्व नभएको र ऐलानी जग्गामा बसोबास गरिरहेको दुखेसो सुनाए। भेला जिल्ला भूमिअधिकार मञ्च दाङ, समाज कल्याण कार्यक्रम नेपाल (स्वान) र ग्रामीण महिला उत्थान केन्द्रको सहकार्यमा भएको थियो।

## अन्तर्राष्ट्रिय भूमि सञ्जालको वार्षिक सभा नेपालमा हुने

अन्तर्राष्ट्रिय भूमि सञ्जालको वार्षिक सभा सन् २००९ को अप्रिल २१ देखी २४ सम्म काठमाडौंमा हुने भएको छ। स्थानीय आयोजकका रुपमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले काम गर्नेछ। कार्यक्रममा ६० भन्दा बढी मुलुकका करिब १५० प्रतिनिधी सहभागी हुनेछन्।

# भूमिसुधार परिवर्तनको कार्यभार



■ केशव दाहाल

**बहादुरीपूर्ण सङ्घर्ष र बलिदानबाट हामीले नयां नेपालको रेखाङ्कन गर्न पाउने अधिकार प्राप्त गरेका छौ र मनमनै नयां नेपालको तस्विर कोर्न थालेका छौं । वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक आंखाबाट हामीले नयां नेपाललाई चियाउने प्रयत्न गर्‍यौ भने यो विविधतापूर्ण छ । किनभने मानिसका सपना, दुःख, आवश्यकता र जीवनका आधार फरक छन् । जनताका यिनै फरक फरक सपना उनेर साझा सपना बनाउन र त्यसलाई लेख्नका लागि हामीले संविधानसभाको निर्वाचन गरेका हौं । संविधानसभाले जनताको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अधिकारको व्यवस्थापन गर्नेछ । त्यही नै अन्ततः नेपाली जनताले चाहेको समृद्ध र न्यायपूर्ण नेपाल हुनेछ । अब बन्ने संविधानमा भविष्यको नेपाल देखिनेछ ।**

राम्रो नेपालको संरचना निर्माण गर्ने युगिन अवसर इतिहासले हामीलाई दिएको छ । यसका लागि हामी नेपाली जनता लडेका छौं । मजदुर, किसान, गरीब र भूमिहीन लडेका छौं । हाम्रै समयका युगनायकले रगत बगाएका छन् । यो महत्वपूर्ण छ कि हामी सार्वभौम सत्ता सम्पन्न भएका छौं । जनताको टाउकोमा टेकेर रजाई गर्ने शाही घराना र मालिकलाई जनताले तह लगाएपछि हामी स्वतन्त्र भएका छौं । स्वाभिमानी देखिएका छौं । परिवर्तनले राजामात्र हटाएको छैन, स्वभावैले नेपाली जनता, राजनीतिक दल र सबै क्षेत्रको आगामी कार्यभारलाई पनि बदलेको छ । इतिहास नयाँ मोडमा आइपुगेको छ । चर्चाका पुराना सन्दर्भ फेरिएका छन् र नयाँ प्रस्तावमा छलफल गर्ने र त्यसको टुङ्गो लगाउने बेला भएको छ ।

अबको चर्चाको मूल विषय भनेको नेपालको राजनीतिक आकाशमा आएको परिवर्तनलाई जमिनमा कसरी ल्याउने र गरीब जनतालाई महान् परिवर्तन भएकै हो भन्ने महसुस गराउने भन्ने नै हो । यो ज्यादै महत्वपूर्ण विषय हो । किनभने राजनीतिक परिवर्तनले जनताको, गरीबको, किसानको जीवनमा परिवर्तन ल्याउन सकेन भने त्यो सार्थक र रुपान्तरणमुखी बन्न सक्दैन । नयाँ नेपालको बहस राजनीतिक मुद्दाहरुमा मात्र केन्द्रित हुने र आर्थिक सामाजिक न्यायका प्रस्तावहरुमा केन्द्रित नगर्ने हो भने अहिले आएको गणतन्त्र जनताको गणतन्त्र बन्न सक्दैन ।

राजनीतिकरुपमा हामीले जनतालाई सार्वभौम सत्ता सम्पन्न बनायौं तर व्यवहारमा किसान जमिनको मालिक बन्न सकेनन् भने यो उपलब्धि जनताको उपलब्धि बन्न सक्दैन । समाजका हरेक तह र सम्बन्धमा रहेको सामन्ती सोच, प्रवृति र शैलीलाई अझै लखेट्न बाँकी छ । आर्थिक क्षेत्रहरुमा, उत्पादन सम्बन्धमा, निजी क्षेत्रमा, कृषि प्रणाली र भू सस्-स्वामित्वमा रहेको सामन्तवादका जरा नउखेली लाखौं गरीब, महिला, दलित र सुकुम्बासीलाई परिवर्तनको महसुस गराउन सकिँदैन । त्यसैले राजनीतिक रुपान्तरणलाई आर्थिक सामाजिक रुपान्तरणसँग तालमेल गर्नु वर्तमान सरकारको सबैभन्दा महत्वपूर्ण काम र जिम्मेवारी हो । यसलाई संस्थागत गर्नु संविधानसभाको मूल दायित्व हो ।

नेपालका अधिकतम् जनता गरीब छन् । मुलकका ७६ प्रतिशत जनताको पेसा कृषि र कृषि मजदुरी भएको तथ्य विचार गर्दा कृषि क्षेत्रको आमूल रुपान्तरणविना जनताको समृद्धि कल्पना गर्न सकिँदैन । फेरि भू-स्वामित्वको सम्बन्धलाई जस्ताको तस्तै राखेर कृषि क्षेत्रको आमूल परिवर्तन सोच्न पनि सकिँदैन । खेतमा काम गर्ने मेहनति किसान सदैव भोकै मर्ने र खेत नटेक्ने जमिन्दार राज्यका सबै अवसरबाट मालामाल हुने विभेदकारी शोषण सम्बन्ध र कारणलाई नबदली न नयाँ नेपाल बन्छ, न त राम्रो नेपाल बन्छ, न द्वन्द्वको सही व्यवस्थापन नै हुन्छ । यसो भएको हुँदा भूमिको जनमुखी वितरण र कृषि उत्पादन सम्बन्धमा रहेको सामन्तवादको अन्त्य आवश्यक छ । यो देशकै आर्थिक विकासको आधार हो र यसले मात्र नेपालका गरीब किसानको पक्षमा न्याय दिन र आधारभूत मानव अधिकार प्रत्याभूत गर्न सक्छ । यसले अहिलेका परिवर्तनलाई संस्थागत र जनपक्षीय बनाउँछ ।

कृषिक्रान्ति र जनमुखी भूमिसुधारका लागि नेपाली जनताले सङ्गठितरुपमा लडेको ६० वर्षभन्दा धेरै भयो । यो आन्दोलनको इतिहास लोकतान्त्रिक आन्दोलनको इतिहासजत्तिकै लामो र पुरानो छ । यो आन्दोलन लोकतान्त्रिक आन्दोलनको शक्तिशाली सहयात्रीका रुपमा निरन्तर रह्यो । अहिले हामीले लोकतन्त्र ल्यायौं तर किसानका मुद्दा जस्ताका तस्तै छन् । जनमुखी भूमिसुधार भएको छैन, त्यसैले अबको राज्यको प्रमुख प्रस्ताव जनमुखी भूमिसुधार हुन आवश्यक छ र संविधानसभाले किसानको समृद्धि, न्याय, कृषिको आधुनिकीकरण र व्यावसायीकरणको प्रत्याभूति र संवैधानिक ग्यारेन्टी गरी लोकतान्त्रिक आन्दोलनको प्रमुख र सहयात्री

आन्दोलनकारी शक्तिलाई न्याय दिन आवश्यक छ । यो काम गर्न गणतन्त्रलाई गरीबको समृद्धि र न्यायसँग जोड्न आवश्यक छ ।

जनमुखी भूमिसुधारको प्रस्ताव यस अर्थमा पनि अहिले महत्वपूर्ण छ कि यो आर्थिक न्यायसँग मात्र सम्बन्धित छैन, यो सामाजिक न्यायसँग पनि जोडिएको छ । गाउँमा जमिन उत्पादनको साधनमात्र हैन, बरु सामाजिक हैसियत, प्रतिष्ठा र पहिचानसँग पनि जोडिएको छ । धेरै सामाजिक मान्यता, सोच, संस्कार संस्कृति र प्रथाहरु जमिनको स्वामित्वसँग सम्बन्धित छन् । यी अन्यायकारी छन् र जमिनको स्वामित्वमा फेरबदल आउनासाथ यसमा रुपान्तरण आउँछ । जनमुखी भूमिसुधारले सामाजिक न्याय सुनिश्चित गर्दछ । वर्तमान सामाजिक सामन्तवादलाई समाप्त गर्दछ ।

जनमुखी भूमिसुधारले कृषि उत्पादन बढाउन सहयोग गर्दछ । राष्ट्रिय गार्हस्थ्य उत्पादनमा परिवर्तन आउनासाथ यसले मुलुकको समग्र अर्थतन्त्रमा सकारात्मक परिवर्तन आउँछ र राष्ट्रिय पूँजीको विकासले गति लिन सुरु गर्दछ । खेतमा रहेको जमिन्दारको पूँजी उद्योग स्थापनामा जान्छ भने उत्पादनको मूल शक्तिको हातमा जमिन आउनासाथ स्वभावैले कृषि उत्पादन बढ्छ । सामन्तवादी आर्थिक सम्बन्धमा परिवर्तन आउँछ र स्वभाविक हिसावले स्वाधीन, आधुनिक र औद्योगिक आर्थिक क्रान्ति सुरु हुन्छ । रोजगारी बढ्छ र आर्थिक निष्क्रियताको बदलामा चमत्कारिक गतिशीलता शुरु हुन्छ ।

जनमुखी भूमिसुधारको प्रस्ताव गरीबको मात्र होइन । यो त राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने राष्ट्रको महत्वपूर्ण केन्द्रीय प्रस्ताव नै हो । यो राजनीतिक दलहरुको रुपान्तरणको प्रस्ताव हो । यो नयाँ र समृद्ध नेपाल निर्माणको आधारभूत प्रस्ताव हो । स्थानीय तहमा जरा गाडेर बसेको सामन्तवादको अन्त्य गर्ने केन्द्रीय प्रस्ताव हो । र, संविधानसभाले छलफल गर्नैपर्ने र संवैधानिक रुपबाटै किसानलाई अधिकार सम्पन्न गर्नुपर्ने महत्वपूर्ण जनादेश र कार्यभार हो ।

## विगतमा धोका भयो, अब वाचा नबिसौं

२००७ सालको परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्ने राजनीतिक दलहरुले राज्यको



चरित्र, शक्ति सम्बन्ध र परिवर्तनको आ-आफ्नो ढङ्गले व्याख्या गर्ने प्रयत्न गरे । नेपाली राज्यसत्ताको चरित्र सामन्तवादी हो र यसलाई बदल्न किसानको व्यापक आन्दोलन सङ्गठित गर्नुपर्छ भन्ने कुरा राजनीतिकरुपमा स्पष्ट हुँदै गयो । नेपालको राजनीतिमा बहुमत किसानलाई आकर्षित नगरी आफ्नो राजनीतिक वर्चस्व कायम गर्न सम्भव छैन भन्ने कुरा दलहरुले बुझे र भातृ सङ्गठनहरुका रुपमा किसान सङ्घ सङ्गठन खोल्ने काम सुरु भयो ।

२००७ सालमा परिवर्तन भयो तर परिवर्तनले गरीब किसानका असीमित पीडा र आवश्यकता सुल्झाउन र परिवर्तनको महसुस गराउन सकेन । २०१६ सालमा ल्याइएको विर्ता उन्मूलन ऐनले मुलुकका सामन्तको मुटुमा ढ्याङ्ग्रो बज्यो । जमिनदारहरु दलहरुसँग त्रसित भए र राजालाई तत्काल केही गर्न दबाव दिन थाले । तर चुरो कुरा सामन्तहरुको स्वार्थ रक्षा नै थियो र राजा महेन्द्रलाई भलिभाँती के थाहा थियो भने आफ्नो कदमलाई टिकाउने हो भने किसानलाई विद्रोह गर्न अवसर दिनुहुँदैन, त्यसैले सस्तो लोकप्रियता, किसान आन्दोलनको स्थगन र अनुपस्थित भूमिपतिहरुलाई जमिनमा स्वामित्व स्थापित गरिदिन भूमि ऐन २०२१ घोषणा गरियो ।

यसरी हेर्दा सामाजिक रुपान्तरणको मुख्य मुद्दा भूमि र आन्दोलनको शक्ति किसान हो भन्ने कुरा नेपालको राजनीतिमा २००७ सालबाट सुरु भई केही वर्षभित्रै निर्विवादरुपमा स्थापित भयो । पञ्चायतकालमा राजनीतिक दलहरु भूमिगत वा प्रतिबन्धित अवस्थामै पनि किसानबीच जाने र उनीहरुलाई सङ्गठित गर्ने काममा क्रियाशील रहे । २०२८ सालमा झापाबाट किसानको सशस्त्र विद्रोह सुरु भयो । छिन्ताङ, पिस्कर, हत्याकाण्ड र जमिन्दार विरोधी आन्दोलनले राजनीतिक आकार ग्रहण गर्दै गयो ।

पञ्चायती कालखण्डमा पनि नेपालको अर्थ राजनीतिको मूल प्रश्न भूमि नै रह्यो । खासगरी राजा महेन्द्रको सामन्ती भूमि वितरण, कम्युनिष्टहरुको जनवादी भूमि वितरण र काँग्रेसको कृषि उत्पादकत्व वृद्धिबीचको आन्तरिक राजनीतिक टकराव, वर्गीय स्वार्थ र मुक्तिको आपसी लडाइँ पञ्चायतकालभरि नै चलिरह्यो ।


२०४६ सालमा प्रजातन्त्रको पक्षमा लागेका जनताको सबभन्दा ठूलो हिस्सा किसानको थियो । यो वर्गलाई आफ्नो पक्षमा ल्याउन "जमिन कसको जोत्नेको" भन्ने नारालाई चरितार्थ गर्नैपर्ने अवस्था आयो । आफ्नो सैद्धान्तिक दिशा निरुपण गर्दा वा संसदीय निर्वाचनमा सहभागी हुँदा पार्टीहरुले किसानका समस्या सम्बोधन गर्न केही महत्वपूर्ण प्रगतिशील प्रस्तावहरु पनि अगाडि सारे । तर सबैभन्दा पुरानो राजनीतिक दल नेपाली काँग्रेसले २०४८ सालको चुनावी घोषणापत्रअनुसार काम गरेर न किसानलाई जमिनको मालिक बनाउने काम गर्‍यो न त विपक्षीबाट नै गतिलो खवरदारी आन्दोलन र दबावहरु भए ।

किसान विद्रोह र वर्गीय युद्धको घोषणाबाट जन्मिएको नेकपा एमालेले आफ्नो

राजनीतिको मुख्य शक्ति किसानलाई ठान्यो र भूमिहीन, गरीब र शोषितहरुको पक्षमा नयाँ जनवादी सत्ता स्थापना गर्ने राजनीति सुरु गऱ्यो । किसानहरुले सचेत विद्रोह गरी आफ्नो हक सामन्तहरुबाट छिन्नेछन् भन्ने मान्यताबाट राजनीति सुरु गरेको एमाले बहुदलीय जनवादको बाटो हुँदै अहिलेसम्म आइपुग्दा हदमाथिको जमिन सामन्तलाई क्षतिपूर्ति दिएर राष्ट्रियकरण गरिने मान्यतामा आइपुगेको छ । तर व्यवहारमा यो पनि लागू हुन सकेन । राजनीतिक इमान्दारिता र ठोस पहलकदमी भएन ।

२०५१ सालमा सबैभन्दा ठूलो राजनीतिक दलका रुपमा संसदमा उपस्थित भई नेकपा एमालेले ९ महिना काम गर्ने अवसर प्राप्त गऱ्यो । "सामन्ती भू-स्वामित्वको अन्त्य, कृषिको आधुनिकीकरण र खाद्यान्नमा आत्मनिर्भरता" भन्ने नाराका साथ विजय हासिल गरेको एमालेले सामाजिक न्याय र उत्पादन वृद्धिका लागि नेपालको भूमि व्यवस्था र कृषि विकासका लागि सुझाव पेश गर्न केशव बडालको अध्यक्षतामा ०५१ सालमा बडाल आयोग गठन गरी काम गर्ने तत्परता देखाए तापनि त्यसले निरन्तरता पाउन सकेन ।

नेपालका प्रायः सबै राजनीतिक दलहरुले प्रगतिशील भूमिसुधार, जोत्नेलाई जमिन, उत्पादकत्व वृद्धि, कृषिमा आधुनिकीकरणलाई समुन्नति र गरिबी निवारणका कार्यक्रम भनेका छन् ।



जनमुखी भूमिसुधारको प्रस्ताव नेपालको सन्दर्भमा कुनै नयाँ विषय होइन । अझ जनयुद्धकालबाट यसले जनताको व्यापक अनुमोदनसमेत प्राप्त गरेको छ । माओवादी जनयुद्धको महत्वपूर्ण तागत किसानको तागत नै थियो र यसको प्रमुख माग भूमिसुधार नै हो भन्नेमा समेत कसैको दुईमत छैन । यसले के देखाउँछ भने राजनीतिकरुपमा सबै दल सहमत भएको तर व्यवहारमा कहिल्यै कार्यान्वयन नगरिएको पुरानो मुद्दाका रुपमा भूमिसुधारको मुद्दा रहेको छ । पछिल्लो कालमा संविधानसभाको निर्वाचनमा समेत दलहरुले आफ्नो निर्वाचन घोषणापत्र वा प्रतिबद्धता पत्रमार्फत् आ-आफ्नो भाषामा भूमिसुधारको वाचा गरेका छन् । त्यसैले अब वाचा पूरा गर्ने र संविधानसभाले यसलाई किसान, गरीब, सुकुम्बासी, भूमिहीनहरुको संवैधानिक मानव अधिकारका रुपमा ग्यारेन्टी गर्नुपर्दछ ।

यही प्रतिबद्धता र भावनालाई मूर्त बनाउन र संविधानमा नै त्यसलाई लिपिबद्ध गर्न लागिपर्नु अहिलेको संविधानसभा र समग्र राजनीतिक दलहरुको मुख्य र केन्द्रीय कार्यभार हो । तर यो त्यति सजिलै हुनेवाला छैन । किसानहरुको आँखामा यो दलहरुको परीक्षाको घडी हो । किनभने हाम्रा दलहरुको वाचा बिर्सने महारोगका कारण विगतमा धोका भएको छ तर अब कुनै पनि धोका किसान, गरीब र भूमिहीनलाई मञ्जुर हुने छैन । त्यसैले किसानको साझा आन्दोलन, बलियो पहलकदमी र निरन्तरको खबरदारीबाट आवश्यक छ र त्यसमार्फत् संविधानसभाका मूल विषयमध्ये जनमुखी भूमिसुधारको विषयलाई समेत स्थापित गर्दै नयाँ नेपालमा गरीबलाई न्यायको प्रत्याभूति दिलाउनु आवश्यक छ । अतः किसानका पक्षमा जमिनको हक, उत्पादकत्व वृद्धि, सामन्ती विभेदहरुको पूर्णतः अन्त्य, आधुनिक कृषि प्रविधि, किसानलाई विशेष सुविधा र सहकारीकरणको व्यवस्थित योजना कार्यान्वयनमा दलहरु प्रतिबद्ध हुँदै यो सम्पूर्ण हकलाई संविधानमा लेख्न आवश्यक छ । यो नै अहिलेको जनपक्षीय काम र आधुनिक, न्यायपूर्ण र समृद्ध नेपालको मूल प्रस्ताव हो । ■

## बेदखली भेला

जोतिरहेका किसानलाई जग्गाबाट बेदखली गर्ने क्रम बढ्दै गएपछि दाङका बेदखलीमा परेका किसान जुट्न थालेका छन् । यसैबीच भदौ ९ गते घोराहीमा उनीहरुको भेला सम्पन्न भएको छ । भेलामा बेदखलीमा परेका किसानले पुस्तौंदेखि आफूहरुले जोतिरहेको जग्गाबाट निकालिदिएकाले अन्याय भएको आवाज उठाएका थिए ।

कार्यक्रममा संविधानसभा सदस्य शान्ता चौधरी, पूर्णा सुवेदी, इन्द्रजित चौधरी, राष्ट्रिय भूमिअधिकार मञ्चका महासचिव सोमप्रसाद भण्डारीलगायत्ले यस्तो अन्यायविरुद्ध सामुहिकरुपमा लड्ने प्रतिबद्धता जनाउनुभयो । आगामी दिनमा बेदखली नगर्न र बेदखली भइसकेकालाई पुनः जग्गा जोत्ने स्थिति बनाउन राजनीतिक दल, सञ्चारकर्मी, नागरिक समाज, सङ्गठन सबै मिलेर काम गर्ने सहमति भएको छ ।

## भूमिअधिकार आन्दोलन, रणनीतिक कार्यशाला

भूमिअधिकार आन्दोलनमा जुटिरहेका सामाजिक संस्थाहरुको राष्ट्रिय कार्यशाला भदौ २ देखि ४ सम्म पोखरामा सम्पन्न भयो । कार्यक्रममा ३८ जनाको सहभागिता थियो । सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र इन्द्रेणी सामाजिक विकास मञ्चले संयुक्तरुपमा आयोजना गरेको ३ दिने रणनीतिक कार्यशालामा क्षेत्रगतरुपमा आन्दोलनको अवस्था प्रस्तुति गरिएको थियो ।

त्यसपछि बलियो र कमजोरी पक्षहरु केलाइएको थियो । मूलतः सबै संस्थाले भूमिअधिकार मञ्चसँग मिलेर कसरी संयुक्तरुपमा आन्दोलन गर्ने भन्ने विषयमा छलफल भई वार्षिक साझा योजना र रणनीति निर्माण गरिएको छ ।

# पूर्जाले ल्याएको खुशी


नाम- छत्रबहादुर कार्की । घर- सिन्धुपाल्चोक, राम्चे ९, भट्टे । उमेर- साठी नाघ्यो । चालीस वर्षको उमेरदेखि लालपूर्जाका लागि धाएको हुँ । तेइस वर्षको सङ्घर्षपछि भूमिअधिकार अभियानसँग जोडिएँ अनि मात्र सफलता मिल्यो ।

लालपूर्जा पाउन धेरै पटक सदरमुकाम धायौं । गुठी संस्थान र भूमिसुधार तथा व्यवस्था मन्त्रालय पनि धेरै पटक गयौं । दुःख र खर्च त भनिसाध्य न गनिसाध्य । नेतालाई पटक पटक भेट्यौं । पूर्जा लिन सकिएन । आफैं लागेपछि मात्रै हक पाइयो ।

हामी थकित अवस्थामा थियौं । एक दिन बाहूबिसेको संस्था (ग्रामीण विकास समाज) गाउँमा आयो । हामीले भूमिअधिकार मञ्च बनायौं । त्यसपछि हामीले सामूहिक सङ्घर्ष थाल्यौं । धर्ना, ऱ्याली, जुलुस सबैमा सहभागी भयौं । पूर्जा नहुँदा व्यवहार चलाउन अप्ठ्यारो परेको थियो । दुःख त यसै पनि झेलिरहेका थियौं । मालका हाकिम र कर्मचारीले जग्गा दर्ताका लागि मन्त्रालयबाट समिति बनिसक्दा पनि काम गर्न आलटाल गरिरहे । हामी आजित भएर आन्दोलन गर्न बाध्य भयौं । हामीले मालपोत कार्यालयमा ताला लगायौं । जिल्ला प्रशासनको काम ठप्प बनायौं । प्रहरी प्रशासनको धम्कीको मुकाविला गऱ्यौं ।

एक दिन काठमाडौंबाट संस्थाका सरहरु आउनुभयो । एक जना जगत बस्नेत र अर्को एक जना जगन्नाथ अधिकारी हुनुहुन्थ्यो । हामीले हाम्रो समस्या र गरेका प्रयास सुनायौं । हामीसँग धेरै कुरा सोधपुछ गरेर जानुभयो । त्यसको एक महिनापछि २०६४ मङ्सिरमा जग्गा दर्ता समितिको म्याद थपिएको खबर आयो । त्यसपछि पनि कहिले खर्च छैन र कहिले गुठीसँग सोध्नुपर्छ भनेर धेरै पटक झुलाए, अन्ततः सबै सहयोगी संस्थाको पहलमा चैत दुई गतेबाट पूर्जा बन्न शुरु भयो । यसका लागि हाम्रा गाउँका दुई भाइ धनबहादुर कार्की र रामबहादुर पाखिनले सहयोग गरे ।

यो पूर्जा हाम्रो रगत र पसिनाले लेखिएको हो । गाउँका अरु मानिस तिमीहरुले कहिल्यै पूर्जा पाउन सक्दैनौ भन्थे । हामीलाइ हाम्रै जन्मभूमि थातबासबाट हट्नुपर्ला कि भन्ने डर थियो । गुठी जग्गामा बस्ने भनेर अरु ठाँउका मानिसले हेप्थे । अब त हाम्रो जग्गा पनि बैङ्कमा धितो बन्धक चल्ने भएको छ । गाउँमा सबै छिमेकीले सहकारी खोल्ने कुरा गरेका छन्, दूध डेरी चलाउने कुरा पनि उठिरहेको छ । गाउँमा बाटो पनि आउँदैछ, केही न केही त गर्नैपऱ्यो नि । ■



*निरन्तर आन्दोलनपछि सिन्धुपाल्चोक राम्चेका ३९ जनाले पूर्जा पाएका थिए । जग्गाधनी पूर्जा वितरण गर्दै राष्ट्रिय भूमिअधिकार सरोकार समुहका अध्यक्ष सरेश नेपाल र पूर्जा लिदैं छत्र बहादुर कार्की*

# खोसियो खेत, खोसियो खाना

■ जगत देउजा

बाँके जिल्ला, कम्दी ९ जगदहवाका शेरबहादुर बस्नेत बटैया गरेर जीविका चलाउँदै आएका छन् । १२ वर्षको उमेरदेखि हलो जोत्दै आएका उनी र परिवारको ज्याला मजदूरी र बटैया खेतीबाहेक प्राण धान्ने अरु उपाय छैन । २०६५ साल असार २३ गते उनी सबेरै खेत जोत्दै थिए । छिमेकी गाउाका ६, ७ जनाको समूह आएर खेत नजोत्न भन्दै जबर्जस्ती गोरु फुकाइदिए । कारण त्यो जग्गा जोताहा शेरबहादुरलाई थाहा नै नदिई जग्गा मालिकले अर्कैलाई २ महिनाअगाडि बिक्री गरेको रहेछ । किन्नेवालाको समूहले उनलाई यसरी एक्कासि बलपूर्वक धम्क्याएको थियो । शेरबहादुरको बास पनि सोही जग्गामा छ । वर्षायामको समय कहाँ जाने, के खाने र के गर्ने ? चिन्तामा डुबेका छन् उनी । उनले ३० सालतिर नदीछेउको करिब १ विगाहा खाली जग्गा संरक्षण गरी खेती गरेका थिए तर भूमि अड्डासाग मिलेर सो जग्गा पनि जमिन्दार केशव शमशेरले दर्ता गरेपछि अरुका जग्गा कमाउँदै आएका हुन् ।

दाङ जिल्ला नारायणपुर गाविस लमडडुवा र अर्घु गाउँका थारु समुदायका करिब ५५ घरले स्थानीय जमिन्दारका जग्गा कमाउँदै आएका छन् । अहिले कमाउँदै गरेको जग्गा अघिल्लो पुस्तासम्म उनीहरुकै थियो । विभिन्न परिबन्धमा पारेर जग्गा खोसिएको उनीहरु बताउँछन् । एक परिवारले २ देखि ५ जनासम्म जमिन्दारको जग्गा कमाउँदै आएका छन् । खेतबाट उब्जेको अन्न मात्र हैन, परालसम्म आधा पार्नुपर्दछ । खलोबाट उठाएर जमिन्दारको भकारीमा लगेर धान हालिदिनुपर्छ । भकारी लिपपोत गर्ने, पछि सुकाउने केलाउने र त्यसलाई मिलमा लगेर चामल बनाउने काम पनि जग्गा कमाउनेले नै गर्नुपर्छ । घरमा ल्याएर चामल केलाइदिने काम पनि जोताहा किसानकै । यो पनि सित्तैमा । कसैकसैले खाना दिनेबाहेक यसवापत केही पाउँदैनन् । जग्गा कमाउनकै लागि खेतीमा मात्र काम गरेर कहाँ पुग्छ र ? जमिन्दारको घरमा भाँडा माँझ्ने, लुगा धुने, सरसफाई गरिदिने, दाउराको जोहो गरिदिने, गोठ सफा गर्ने काम पनि गर्नुपर्दछ । बेगारी (सित्तैमा मालिकको खेतीमा काम गर्नुपर्ने) गर्नु त छँदैछ । यसो नगरे पक्का छ, जमिन्दारले बटैयामा पनि जमिन जोत्न दिँदैन ।

जमिन्दारको घरमा भाँडा माझ्दिन भनेको निहुँमा १२ वर्षदेखि लमडडुवांकी जमिला चौधरीले जोत्दै आएको जग्गा हालसालै मालिकले खोसेको छ । सोही




गाउँका अरु ४ परिवारलाई पनि जग्गा छोड्न भनिएको छ । यसरी विभिन्न बहानामा कमाइरहेको खेत बेच्ने वा खोसेर आफैं खेती गर्ने, कमाउने मान्छे साटफेर गर्ने, मोही हक दावी गर्दिन भनेर कागज गराउने, लिँदै नलिएको ऋणमा सही गराउने क्रम बढेको छ । असारभर मात्र ६, ७ सय जोताहालाई जग्गा जोत्लबाट वञ्चित गरिएको दाङका मोहीहरुको दावी छ । यस्तो पनि हुन्छ र जस्तो लाग्ने यो यथार्थ आज पनि तराईका अधिकांश वस्तीमा ज्यूँका त्यूँ छ ।

पुर्वी तराईका जिल्लामा पनि जोतिरहेको जग्गाबाट किसानलाई बञ्चित गराउने क्रम तीव्र पारिएको छ । माओवादी सरकारमा गएपछि भूमिसुधार गर्छन् भन्ने त्रास जमिन्दारमा देखिन्छ । संविधानसभाको चुनावपछि मालपोत कार्यालयहरुमा घुँइँचो छ । जग्गा परिवारका सदस्यको नाममा बाँडफाँड गर्ने, अरुलाई बेचिदिने र कमाइरहेकाबाट खोस्ने क्रम चर्को बन्दैछ । यसरी भूमि पाउने अपेक्षामा बसेका भूमिअधिकारबाट वञ्चितहरुका उल्टै कमाइरहेका जग्गा खोसिन थाल्नु अत्यन्त अन्यायपूर्ण छ । खेतीबाहेक अरु जीविका नभएकाको जग्गा खोसिनु भनेको जागिरेको जागिर खोसिनु, उद्योगीहरुको उद्योग डुब्नुभन्दा पनि ठूलो समस्या हो । जोताहाको खेत खोसिनु भनेको सर्वश्व खोसिनु हो ।

महङ्गी बढेको छ, यस्तो अवस्थामा कृषि श्रमिकको ज्याला बढाउनेतर्फ ध्यान पुगेको छैन । स्वतस्फुर्तरुपमा भएका आन्दोलन पनि ज्याला बढाउन सफल देखिँदैनन् । कृषिश्रमिकहरु जमिन्दारको धम्कीले यति ज्याला नपाई काम गर्दिन भन्न सक्दैनन् । उनीहरु सुदखोर, साहुमहाजन र जमिनदारबाट गरिने अत्याचारबाट जन्मजात सताइएका छन् ।

अहोरात्र कृषि कर्ममा लागेका जोताहा किसानको खेत खोसिए पनि स्थानीय तहमा रहेका, राजनीतिक दल, सङ्घ/सङ्गठनहरु, मानवअधिकारवादी कसैले जोताहा किसानका पक्षमा आवाज उठाएका छैनन् । देशभरबाट हजारौंको सङ्ख्यामा जोताहा किसानलाई खेतीबाट वञ्चित गराइँदा पनि त्यही वर्गको प्रतिनिधित्व गरेर आउने सभासद्हरुले पनि आवाज उठाएका छैनन् । केन्द्रीय, एकात्मक र सामन्ती सत्ता रुपान्तरण नगरी यस्ता समस्याको हल हुन्न भनेर पर्खिरहने हो भने गरीबमाथि अझै अन्याय बढ्दै जानेछ । यी सँगै गर्ने काम हुन् ।



*पुर्वी तराईका जिल्लामा पनि जोतिरहेको जग्गाबाट किसानलाई बञ्चित गराउने क्रम तीव्र पारिएको छ । माओवादी सरकारमा गएपछि भूमिसुधार गर्छन् भन्ने त्रास जमिन्दारमा देखिन्छ । संविधानसभाको चुनावपछि मालपोत कार्यालयहरुमा घुँइँचो छ ।*

स्थानीय तहमा गरीबहरुको अधिकार हननका घटना बढ्दो छ । कहीं बस्तीहरुमा आगो लगाइएको छ । कहीं झडप भएका छन् । हालै सप्तरीको दौलतपुरको एक सुकुम्बासी बस्तीमा चुनावमा सबै भोट माग्न गए तर चुनावपछि त्यहीमध्येका केही पार्टीहरु सशस्त्र प्रहरी लिएर बस्ती उठाउन आएका थिए । ऐलानी जग्गा जमिन्दारले कब्जामा लिएर अँधियामा कमाउन दिएको छ । हरुवाचरुवालाई सित्तैमा काम लगाइएको छ ।

२००७ सालयता प्रत्येक पटक भूमिसुधारको विषय चर्चामा आउँदा किसानले जग्गा पाउने हैन, गुमाउँदै आएका छन् । सचेत योजनासहितका प्रयास नहुँदा जमिन्दारलाई जग्गा बचाउन प्रशस्त मौका दिइएको छ । सम्भावित भूमिसुधारबाट बच्न जमिन्दारले जग्गाबाट जबर्जस्ती निकालिदिने जस्तो जल्दोबल्दो समस्याउपर पार्टी र सरकारको गम्भीर ध्यान जानुपर्दछ । कुनै पनि बहानामा खेती गरिरहेका जोताहालाई जग्गा जोत्लबाट वञ्चित गराइनुहुँदैन । यो खेतीको सिजनमा मात्र देशभर दश हजारभन्दा माथी जोताहा किसान खेतीबाट निकालिएको अनुमान छ । यस्ता घटनाउपर अब पीडित स्वयंका सङ्गठन पनि अझै सशक्त भएर उठ्नुपर्दछ । ■

# लहान बैठकका निर्णय र कार्यान्वयनको सवाल

■ लालमणि भण्डारी

सबैले बुझ्केकै कुरा हो विद्यमान नेपाली समाज हुने खाने र हुँदा खाने गरी दुई वर्गमा विभाजित छ । आज पनि जमिन जोत्नेको हातमा छैन । जमिनमा जसले श्रम गर्छ, उसको पहुँच र नियन्त्रण छैन । समाजमा अहिले पनि जमिन हुनेहरुकै एकाधिपत्य चलिरहेको छ । जमिन हुने शासक, शोषक र जमिन नहुने शोषित, शासित अवस्थामा छन् । अन्यायपूर्ण भूमि व्यवस्था तथा असमान भूमि वितरणकै कारण भूमिमा श्रम गर्ने भोकभोकै मर्ने र खेती गर्दै नगर्नेको घर अनाजले भरिने अवस्था अहिले पनि कायम छ । राजनीतिबाट राजतन्त्रको अन्त्य भए पनि ग्रामीण क्षेत्रबाट जमिन्दारी राजतन्त्रको अन्त्य हुन सकेको छैन । जनयुद्धका क्रममा गाउँबाट विस्थापित सामन्त जमिन्दारहरु संविधानसभाको चुनावी माहोलसँगै गाउँ पसेका छन् । भोकाएको जङ्गली बाघले जस्तै जोताहा किसानलाई झम्टिरहेका छन्, जोतिरहेको जमिनबाट वेदखली गरिरहेका छन् । जमिन लुकाउने कार्य तीब्र गतिले बढिरहेको छ । मोही किसानले जग्गा बाँडफाँड तथा नामसारीका लागि निवेदन दिने अधिकारमाथि रोक लगाईएको छ । दिएको निवेदनको मिलापत्रका नाममा ५० प्रतिशतको हकबाट वञ्चित गर्ने वा तारिख धाइरहन बाध्य पार्ने कार्य भइरहेको छ ।

राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, विद्यमान नेपाली समाजमा रहेको अन्यायपूर्ण भूमि व्यवस्थाको अन्त्यका लागि क्रियाशील छ । समाजमा भूमिको असमान वितरणकै कारण कायम वर्गीय असमानताको अन्त्य चाहन्छ । **"सुरक्षित बास सबैलाई, खेतियोग्य जमिन जोत्नेलाई"** भन्ने मूल मान्यताका आधारमा भूमिको न्यायपूर्ण वितरण र उत्पादन वृद्धिका लागि यो सङ्घर्षरत् छ । जसको जोत उसको पोतको मूल मर्मलाई आत्मसात गरेर अगाडि बढिरहेको छ ।

२०६१ पुस ४ देखि ७ सम्म प्रथम राष्ट्रिय सम्मेलन गरी राष्ट्रिय स्वरुप ग्रहण गरेको यो सङ्गठन हाल देशका ४२ जिल्लामा क्रियाशील छ । १५३६ वटा प्राथमिक सङ्गठनमा २०८०० सदस्य सङ्गठित भई तहगत भूमिका निर्वाह गरिरहेका छन् । सङ्गठनले आजसम्म उठाउँदै आएका जायज मागलाई राजनीतिक दल, सरकार र नागरिक समाजको समर्थन र ऐक्यबद्धता रहँदै आएको छ । शान्तिपूर्ण अहिंसात्मक आन्दोलनमा विश्वास गर्ने यो सङ्गठनले मागपत्र पेश, पत्रकार सम्मेलन, डेलिगेशन, भित्तेलेखन, साइकल ¥याली, ज्ञापनपत्र, सम्वाद, सभा, जुलुस, ¥याली, दल धर्ना, मालपोत कार्यालय धर्ना तथा तालाबन्दीका माध्यमबाट आफ्ना माग पूरा गराउन दबाव दिइरहेका छन् ।

२०६४ फागुन १८ देखि २० सम्म दाङमा भएको दोस्रो राष्ट्रिय सम्मेलनले नयाँ नेतृत्व चयन गर्नुका साथै ७ बुँदे घोषणापत्र पारित गरेको थियो । सङ्गठनले सम्मेलनद्वारा पारित घोषणापत्रका आधारमा आफ्नो तीन वर्षे कार्यकालसम्ममा पुग्न चाहेको अवस्था निर्धारण गरेको छ । यही भदौ २१-२३ गतेसम्म सिरहाको लहानमा सम्पन्न राष्ट्रिय रणनीतिक तथा योजना बैठकले २ वटा महत्वपूर्ण निर्णय गरेको छ । पहिलो सङ्गठनको समग्र सवलीकरण तथा विस्तार र दोस्रो हकदावी आन्दोलन उठान, विस्तार र व्यवस्थापनतर्फ जोड दिएको छ ।

तत्कालीन योजना तथा दीर्घकालीन योजना पूरा गर्नका लागि राष्ट्रिय भूमि अधिकार मञ्चका प्रत्येक सदस्य पदाधिकारी तथा अगुवाले आफ्नो जिम्मेवारी निष्ठापूर्वक पूरा



गर्नुपर्ने बेला आएको छ । नेपाली समाजको तल्लो तहसम्म लोकतान्त्रिकरण गर्न तथा सामाजिक न्याय र समुन्नतिका लागि जोताहामुखी भूमिसुधार आवश्यक छ । यो ऐतिहासिकरुपले ठगिएका लुटिएकाहरुको अधिकार स्थापित गर्ने प्रक्रिया पनि हो । यही दायित्व पूरा गर्न सबैले आ-आफ्नो ठाउँबाट जुटौं, जीत न्यायकै हुनेछ ।




**बैठकका निर्णयहरु**

राष्ट्रिय भूमिअधिकार मञ्च, नेपालको राष्ट्रिय समितिको बैठक ०६५ साल भदौ २३ गते सिरहाको लहानमा सम्पन्न भएको छ । यसअघि भदौ २१ र २२ गते मञ्चको ३ वर्षे भूमि आन्दोलनको रणनीतिबारे छलफल भएको थियो । कार्यक्रममा २४ जिल्लाका २६ पदाधिकारीको सहभागिता थियो । बैठकले सरकारसँग भूमिअधिकारबाट वञ्चितसमेतको सहभागितामा तत्काल भूमि आयोग गठन गरी जनमुखी भूमिसुधार थाल्न माग गरेको छ ।

राष्ट्रिय राजनीति र सत्तामा श्रमजीवी वर्गको उपस्थिति रहेको अहिलेको अवस्थामा भूमि व्यवस्थाको रुपान्तरण गरेर गरिबी निवारण गर्दै सामाजिक न्याय र समुन्नति स्थापनाका लागि जारी भूमिअधिकारको आन्दोलन सुदृढ ढङ्गले अघि बढेको ठहर गरेको छ । बैठकले लोकतन्त्रको जग बलियो बनाउन भूमिसुधार नभई नहुने विषयमा गाउँ, जिल्ला र राष्ट्रिय तहमा भइरहेका बहसलाई अझ सघन बनाउने र वैचारिक प्रशिक्षणको कामलाई तीव्र बनाउने योजना बनाएको छ ।

भूमिसम्बन्धी प्रतिगामी ऐन तथा कानून खारेज गरी जनमुखी भूमि नीति लागू गर्न, भूमिसुधारसम्बन्धी विशेष कार्यक्रम घोषणा गर्न, भूमि आयोग निर्माण गरी काम थाल्न राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले विगतका वर्षदेखि नै विभिन्न आन्दोलन गर्दै आइरहेको र तत्काल माग पूरा गराउन राष्ट्रिय समितिले सरकारसँग छलफल अघि बढाउने निर्णय गरेको थियो । सोही निर्णयअनुसार देशभर भूमिहीन एवं जोताहा किसानलाई जग्गाबाट बेदखली गर्ने र हदबन्दीभन्दा माथिको जग्गा लुकाउने काम तीव्र पारिएको र भूमिसुधार हुन नदिने तत्वको चलखेल बढेकाले भूमिसुधार तथा व्यवस्था मन्त्रीलाई भेटी छलफल तथा अडानपत्र पेश गरेको छ ।

*२०६१ पुस ४ देखि ७ सम्म प्रथम राष्ट्रिय सम्मेलन गरी राष्ट्रिय स्वरुप ग्रहण गरेको यो सङ्गठन हाल देशका ४२ जिल्लामा क्रियाशील छ । १५३६ वटा प्राथमिक सङ्गठनमा २०८०० सदस्य सङ्गठित भई तहगत भूमिका निर्वाह गरिरहेका छन् । सङ्गठनले आजसम्म उठाउँदै आएका जायज मागलाई राजनीतिक दल, सरकार र नागरिक समाजको समर्थन र ऐक्यबद्धता रहँदै आएको छ ।*

भदौ ३० बाट असोजको १३ सम्म भित्तेलेखन, पत्रलेखनलगायत्का प्रचारप्रसारका कामलाई देशव्यापीरुपमा तीव्र बनाउने निर्णय पनि बैठकले गरेको छ । असोज ८ गतेबाट उल्लिखित सबै जिल्लामा भूमिसुधारका लागि धर्ना बस्ने निर्णय भएको छ । यी कामलाई प्रभावकारी बनाउन राष्ट्रिय तथा जिल्ला समितिका पदाधिकारीलाई जिम्मेवारी दिइएको छ । भूमिसुधारको कार्यक्रम घोषणा र भूमि अधिकारबाट वञ्चितको सहभागितामा भूमि आयोग निर्माण धर्नाको मुख्य माग रहेको छ ।

आ.व. २०६५/०६६ को कार्यक्रम तथा बजेटमा भूमिसुधारलाई महत्वपूर्ण प्राथमिकता दिन मञ्चले माग गरेको छ । आउँदो बजेट विगतकै निरन्तरता हैन, रुपान्तरणमुखी, पहुँचविहीनका आवाज समेटिएका, गाउँ र गरीबमुखी हुने अपेक्षा मञ्चले गरेको छ । आगामी बजेट तथा कार्यक्रममा भूमि आयोग निर्माणमा आवश्यक बजेट व्यवस्था गर्न, महिला, दलित र अपाङ्गको नाममा जग्गा रजिष्ट्रेशन गर्दा दिइँदै आएको २० प्रतिशत छुटको सीमा बढाएर कम्तिमा ५० प्रतिशत पुऱ्याउन, एकल महिलाले जग्गाको स्वामित्व

लिँदा कुनै शुल्क नलाग्ने व्यवस्था गर्न, जग्गाबाट उठेको पोत भूमि तथा कृषिसुधारमै खर्च गर्ने नीति लिन माग गरेको छ।

भूमिहीन र जोताहा किसानका लागि विशेष जीविकोपार्जन र रोजगारीका कार्यक्रम लागू गर्न, साना र मध्यम किसानलाई कृषिमा अनुदान व्यवस्था गर्न, हलिया, हरुवाचरुवालगायत्का अर्धदासको सम्पूर्ण ऋण खारेज गरी पुनर्स्थापनाका लागि बजेट व्यवस्था गर्न, मुक्त कमैयाको समस्या छिमोल्ने गरी कार्यक्रम तथा बजेट ल्याउन पनि मञ्चले सरकारको ध्यानाकर्षण गराएको छ।

नेपालका बहुसङ्ख्यक भूमि अधिकारबाट वञ्चित, साना किसान, चेपाङ्गलगायत्का आदिबासी समुदाय कृषि विकास बैङ्क र सुदखोरको ऋणको चपेटामा छन् र उनीहरुको थोरै जग्गा पनि गुम्ने अवस्था आएको छ। साना किसानहरु ऋणको मारमा परेर भूमिहीनताको भँड्खालोमा पर्दैछन्। तसर्थ निश्चित नियम सीमा राखेर यस्तो बैङ्क र सुदखोर दुवैबाट लिइएको ऋण मिनाहा गर्न पनि सरकारसँग माग गरेको छ।

२०६५ साल भाद्र २ गते कोशीमा आएको प्रलयमा घर जग्गा र सबै सम्पत्ति गुमाई विस्थापित सुनसरीका पश्चिम कुशाहा, श्रीपुर, हरिपुर, वसन्तपुर, लौकी, भुताहा, धुस्की, देवानगञ्ज, मध्यहर्साही, अमाही बेल्हा, हरिनगरालगायत्का गाविसका हजारौं परिवारले भोग्नुपरेको विपत्तिमा दुःख व्यक्त गर्दै घरबास र भूमि व्यवस्थापनका लागि मञ्चको जिल्ला र गाउँ सङ्गठन क्रियाशील हुने र कोशी सरोकार र अधिकारका मुद्दामा हुने जनपक्षीय आन्दोलनमा सघाउने निर्णय गरेको छ।

मधेशका दलित, भूमिहीन, हरुवा-चरुवालगायत्का गरीबहरुको आधारभूत मानवीय आवश्यकता पूरा गर्नका लागि भूमिसुधार अपरिहार्य मुद्दा हो। मधेशमा भूमिसुधार विषयक आवाजलाई व्यापक बनाउन २०६५ साल असोज ९ गते सिरहाको लहानमा भूमिसभा आयोजना गरिएकाले उक्त सभामा दशौं हजार सहभागी गराई कार्यक्रम सफल बनाउने निर्णय पनि बैठकले गरेको छ। ■

# राजनीतिक दलहरुसँग भूमि अधिकारबारे छलफल

रातो दिन कडा मेहनतका साथ काम गर्नुपर्ने भए पनि दुःखलाई भुलेर वर्ष दिनको सुनौलो सपना बोकेर किसानहरु खेतीमा जुट्छन्। तर केही किसान यो अवसरबाट बञ्चित हुनुपरेको छ। मोही दर्ता हुन सक्ने डरले आतङ्कित जग्गाधनीहरुले १५/२० वर्षदेखि जोत्दै आएका किसानलाई बेदखल गराए। त्यहाँ कसैको ध्यान पुगेन। चुनावमा सुनौलो नेपालको सपना बाँड्ने नेता कार्यकर्ताको पनि त्यहाँ नजर पुगेन। यो अन्यायलाई राजनीतिक नेताहरुसम्म पुऱ्याउन र नैतिकरुपले जोताहाको पक्षमा काम गर्न दबाव दिन यो कार्यक्रम आयोजना गर्नुपरेको हो। जुन श्रावण १७ गते सम्पन्न भयो।

कार्यक्रममा दलका अगुवा, भूमि अभियानकर्मी र पीडित किसानको सहभागिता थियो। करिब २:३० घण्टा चलेको कार्यक्रममा दण्डप्रसाद शर्मा, भूमिहीन असिन अन्सारी, इन्द्रजीत बर्मा (मधेशी फोरम किसान सङ्घका सदस्य), मिमबहादुर रावत (अखिल नेपाल प्रगतिशील किसान सङ्घका अध्यक्ष), मिनबहादुर रावल (अखिल नेपाल किसान महासङ्घ बाँकेका अध्यक्ष), भानुभक्त भट्टराई (किसान सङ्घ बाँकेका अध्यक्ष), शेरबहादुर बस्नेत (कम्दी –९, जब्दहवाका पीडित किसान), जगदीश ढकाल (जनमोर्चा), रोमहर्ष धिताल (ने.क.पा. माओवादी), विजयकुमार गुप्ता (तमलोपाका केन्द्रीय सदस्य), दिवाकर शर्मा (ने.क.पा. माले), कृष्णमान श्रेष्ठ (नेपाली काङ्ग्रेसका सभापति), खेमबहादुर बोहरा (कम्दी-९, छग्रहवा), धनीराम थारु (पीडित फत्तेपुर-९), रामकुमारी थारु (फत्तेपुर-८ सिधनवा), साल्मा बेहना (वशुदेवपुर-३, वनघुस्रा), जगत बस्नेत (भूमि अधिकार अभियानकर्मी), पूर्णप्रसाद अधिकारी (राष्ट्रिय भूमि अधिकार मञ्च, केन्द्रीय सदस्य) लगायत्का व्यक्तिले बोल्नुभएको थियो।

पीडितहरुले विभिन्न बहानामा १९९५ देखि जमिन जोत्दै आएका किसानलाई बेदखल गर्ने काम तीब्ररुपमा बढेको, त्यसै कारण सरोकारवालाको ध्यानाकर्षण गर्न तालाबन्दी गरेका, दल र सरोकारवालासँगको सहमति, बेदर्ता मोही गाविस सिफारिसका आधारमा दर्ता गर्ने सहमति भए पनि गाविसले सिफारिस नदिने, पुलिस प्रशासनले नसुन्ने, आठ वर्षको बच्चा रिक्सा चलाउन बाध्य, गरीब गरीबकै बीचमा लडाई हुन थालेको, पहिलेका जोताहा बेदर्ता मोहीको दावा गरिरहेका, किन्ने र जोत्नेबीचका द्वन्द्व जस्ता समस्या अगाडि सारेका थिए र सहयोगको आवश्यकता रहेको जनाए।

त्यस्तै दलका नेताहरुले ऐलानी जग्गाको उचित व्यवस्थापन, जमिनको निश्चित हदबन्दी र बिनामुआब्जा जमिन वितरण, जमिन जोत्नेको, श्रमको मूल्य हुनुपर्ने, गरीब जोताहाविरुद्ध लाग्नेलाई समाप्त गरी जोताहालाई अधिकार दिन, कानून बाझिएका, विगतका सहमति कार्यान्वयन गराउन पनि पहल, जमिन पनि खण्डीकरण नभई उत्पादन बढोस्, मोही, बेदर्ता मोही, भूमिहीनको समस्या हल गर्न पहिले कानूनी अड्चन हटाउनुपर्ने, स्पष्ट नीति नियम आउनुपर्नेमा आफ्नो पार्टीको सधैं साथ रहने जनाए। जगत बस्नेतले भूमिसुधारको बुझाई गलत रहेको, भूमि प्रशासनलाई सुधार्नुपर्ने, जनताले जनयुद्ध, मधेश आन्दोलन किन गरे भन्ने बुझ्नुपर्ने, भूमिसुधार माथिबाट होइन, तलबाट हुनुपर्ने, भूमिसुधार कसैलाई भूमिहीन बनाउन होइन, सबैलाई जमिनको अधिकार दिलाउने उद्देश्यले हुनुपर्ने र यो लोभको लडाई नभई मानिसको पहिचान हो भनेर स्पष्ट पार्नुभयो।

अन्त्यमा सबैले मिलेर वाचा गरेका कुरा पूरा गर्ने र जोताहालाई हटाउन नदिने सहमति भयो। ■

# तराईमा भूमिसुधारबारे गोष्ठी

भूमि अधिकार मञ्च, जनचेतना दलित सङ्गम सप्तरी र दलित संरक्षण मञ्च सिरहाको संयुक्त आयोजनामा भएको "तराईमा भूमिसुधार" नामक भेला २४ भाद्रमा राजविराजको जिविस हलमा सम्पन्न भयो । कार्यक्रममा लगभग ५०० जनाको उपस्थितिले थियो । त्यो भेलामा मुख्य राजनीतिक पार्टी नेपाली काङ्ग्रेस, नेकपा एमाले, माओवादी, तराई मधेश लोकतान्त्रिक, मधेशी जनअधिकार फोरमलगायत् कृषि विकास कार्यालय, नापी विभाग, भूमि सुधार कार्यालय, जिल्ला प्रशासन कार्यालयबाट पदाधिकारीहरु उपस्थित थिए । साढे चार घण्टाको त्यो कार्यक्रम मानिसको भीड मात्र नभएर एउटा वैचारिक भेला भएको थियो । त्यहाँ चार वटा पत्र प्रस्तुत भएको थियो । ती पत्र डा. महादेव मिश्र, पत्रकार जितेन्द्र खड्गा, विराटनगरका क्याम्पस प्रमुख विजय मिश्र र पूर्व सांसद असरम सदाले प्रस्तुत गरेका थिए । ती पत्रमा समग्रमा तराईमा किन भूमिसुधार चाहिन्छ, कस्तो भूमिसुधार चाहिन्छ भन्नेबारे उल्लेख थियो । ती पत्रले तराई मूलका व्याप्त भूमिसुधार भए पहाडीहरुको नाममा भूमि जान्छ भन्ने भ्रमबारे प्रष्ट्याएको थियो ।

तराईमा भइरहेको द्वन्द्व शान्त पार्न, तराईबासीलाई न्याय र विकास पाउन, उत्पादन बढाएर देशलाई सम्पन्न बनाउन तराईमा भूमिसुधार गर्न अत्यन्त आवश्यक रहेको कुरामा काङ्ग्रेस, एमाले, माओवादीबाहेक मधेशी पार्टीहरु जनअधिकार फोरम र तराई मधेश लोकतान्त्रिक पार्टीले पनि सहमति जनाए र केन्द्रीय तहमा त्यो कुरालाई प्राथमिकतासाथ पुर्‍याउने वाचा गरे । सरकारी पदाधिकारीले भूमिसुधार आफूले अहिले गर्न नसक्ने भए पनि आफ्नो कार्यालयमा आएका मुद्दामा जोताहाको पक्षमा निर्णय गर्ने वाचा गरेका थिए । अन्त्यमा भूमिबाट पीडितहरुले दुई महिनापछि पनि भूमिसुधारसम्बन्धी कार्यक्रम नआए सरकारविरुद्ध कडा विरोधमा उत्रने चेतावनी दिए ।

## भूमि अधिकारका लागि गाउँ शिविर

कैलाली जिल्लामा भूमि आन्दोलन अगाडि बढिरहेको । यसै क्रममा गाउँमा शिविर भएका छन् । टीकापुरमा श्रावण २० मा, पथरैयामा श्रावण २२ मा, चौमाला-मसुरियामा श्रावण २४ मा, गेटामा श्रावण २६ मा र धनगढी शिवनगरमा २७ मा यस्ता कार्यक्रम भए । जसमा सहभागीबीच आफ्ना पीडा व्यक्त गर्ने, ठाउँअनुसारका समस्या र त्यसलाई लिएर अगाडि कसरी बढ्न सकिन्छ भन्ने उपायहरुको खोजी भयो । महेन्द्र राजमार्गको छेउमा बस्ने २२ जिल्लाबाट आएका वादी समुदायले पनि मञ्चमा सहमति जनाएर आन्दोलनमा सरिक हुने बताए । सबै शिविरको निचोडमा जिल्ला भूमि अधिकार मञ्चले सबै काम गर्न नसक्ने, नभ्याउने हुँदा आफ्नै एउटा गाउँ तहको सञ्जाल बनाउने र कार्यक्रम गर्ने, घुम्ति मिटिङ बस्ने निचोड निकाले । कञ्चनपुरका २ वटा र कैलालीका ४ वटा एफएमले शिविरबारे व्यापक प्रचार गर्दै प्राथमिकतासाथ आफ्ना सबै समाचारमा उल्लेख गरे । स्थानीय पत्रपत्रिकाले पनि शिविरका खबर प्रकाशन गरे । शिविर २८ श्रावणमा प्रेस विज्ञप्तिका साथ सम्पन्न भयो । जुन विज्ञप्तिमा तलका मुख्य माग प्रस्तुत छन् :

- जमिनको हदबन्दी ३ बिगाहामा झार्ने र योभन्दा माथिको जमिन भूमिहीन, सुकुम्बासी, मुक्त कमैया, हलिया र अरु भूमिपीडितलाई दिनुपर्ने ।
- सुकुम्बासी र मुक्त कमैयालाई एउटै जमिन दिइने जस्तो सरकारी खेल तुरुन्त बन्द गरिनुपर्ने ।
- उच्चस्तरीय भूमि आयोगद्वारा भूमि समस्या समाधान गरिनुपर्ने ।
- ३ वर्ष लगातार एउटै जमिन जोत्नेलाई स्थानीय सर्जमिनका आधारमा मोही हक कायम गरिनु पर्ने ।

## चेपाङले लालपूर्जा पाए

जमिन नापी भएको समयमा छुट भएका चेपाङ आफ्नो जमिनको लालपूर्जाबाट वञ्चित भएका थिए । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहयोगमा नेपाल चेपाङ सङ्घ, चेपाङ समुदायको जमिनमाथिको हक कायम गराउने कार्यमा लागेको छ ।

यसैअनुरुप केही चेपाङले आफ्नो जग्गाको पूर्जा पाउन सफल भएका छन् । र, असार महिनामा पनि ६ जना चेपाङले लालपूर्जा पाए । जमिन पाउने र पाएको जमिनको क्षेत्रफल तल उल्लेखित छन् :

| क्र.स. | पाउनेको नाम | जमिनको क्षेत्रफल (रोपनी-आना-पैसा-दाम) |
|---|---|---|
| १ | रेशमलाल प्रजा | १५-२-१-० |
| २ | रामलाल प्रजा | १५-२-१-० |
| ३ | मंगलराम प्रजा | ७-२-१-० |
| ४ | सुब्बा प्रजा | १६-१-२-० |
| ५ | भीम ब. प्रजा | ११-२-१-० |
| ६ | फूलमाया प्रजा | ७-२-०-० |
| जम्मा | | ७१-११-६ (७२ हेक्टर) |

नोट : १९ रोपनी - १० आना - २ पैसा - ० दाम = १ हेक्टर

# कृषि मजदूरको ज्याला वृद्धि आन्दोलन

■ कल्पना कार्की

सिरहा जिल्लाको बस्तीपुर, पडरिया र गोविन्दपुर गाविसका मजदूर ज्याला वृद्धिका लागि असार १३ गतेदेखि ३० गतेसम्म आन्दोलनमा उत्रे । जमिन्दारले मजदूरलाई १० देखि १२ घण्टासम्म काम लगाउने तर उचित ज्याला नदिएका कारण उक्त हड्ताल गरेका हुन् । उनीहरुले दिनको ८ घण्टा काम, ८ के.जी. धान र १४० रुपैयाँ पैसा र सम्मानित व्यवहार पाउनुपर्ने माग राखेका थिए । यी माग पूरा नभएसम्म मजदूरीका कामकाज ठप्प पार्ने निर्णय गरेका हुन् । वर्षासँगै धान रोपाईंको काम शुरु भए पनि कृषि मजदूरहरुको हड्तालका कारण खेतमा रोपाईं हुन सकेन । केही कृषकले आफैं खेत रोपे भने धेरैले रोपाईं नै गर्न सकेनन् । जसले गर्दा धानको बीउ ब्याडमा नै पहेँलिसकेको थियो । तर जमिन्दार कृषकले ज्याला वृद्धिका लागि सहमति गर्नुको साटो उल्टै यदि कसैले ५ के.जी. भन्दा बढी ज्याला दिएमा ५ हजार १ सय एकाउन्न रुपैयाँ जरिवान तोकेर आफ्नो हठ र शक्ति देखाइरहेका थिए ।

ज्याला वृद्धिका लागि असार १३ देखि मसान्तसम्म भएको आन्दोलन अवधिमा किसान र मजदूरबीच ४ पटक छलफल तथा वार्ता भयो । मजदूरहरुले आफ्नो अडान छाडेनन् र अधिकारका लागि सङ्गठित हिसाबले अगाडि बढिरहे । उनीहरुले बिहान बेलुकीको छाक टार्न मुस्किल भए पनि माग पूरा नभएसम्म कसैको खेतमा मजदूरी नगर्ने निर्णय गरेका थिए । उनीहरुले सङ्गठितरुपमा असार १६ गते बस्तीपुर गाविस कार्यालयमा तालाबन्दी गरे । त्यस्तै असार २९ गते मालपोत कार्यालय, कृषि विकाश बैङ्क, जिल्ला सिंचाईं कार्यालयलगायत् १० गाविसको कार्यालयमा तालाबन्दी गरे पनि स्थानीय निकाय, राजनीतिक दल तथा प्रशासनको तर्फबाट कुनै सुनुवाई भएन । कृषि मजदूरको निर्धारित आन्दोलनअनुसार साउन १ गतेदेखि जिल्ला प्रशाासन कार्यालय र जिल्ला विकास कार्यालयमा क्रमश धर्ना,

> *मजदूरले दिनको १२ घण्टा काम गरेबापत दैनिक ५ के.जी. धान वा ६० रुपैयाँ पाइराखेका छन् । हरुवा र कोदालो चलाउनेले गिरहतको काम गर्दा बिघाअनुसारको ५ देखि ६ कट्टासम्म अधिया बटैया जग्गा कमाउन दिएका हुन्छन् । कसैले दुनकुरे र कसैले अधियास्वरुप कमाउन दिएका हुन्छन् । ११ वर्षपहिले कृषि मजदूरको ज्याला ४ के.जी. धान र ४० रुपैयाँ थियो ।*

रिले अनसन र आमरण अनसन बस्ने कुरा

रिले अनसन र आमरण अनसन बस्ने कुरा उनीहरुले असार २९ गते विज्ञप्तिमार्फत् सार्वजनिक गरेका थिए ।

मजदूरले दिनको १२ घण्टा काम गरेबापत दैनिक ५ के.जी. धान वा ६० रुपैयाँ पाइराखेका छन् । हरुवा र कोदालो चलाउनेले गिरहतको काम गर्दा बिघाअनुसारको ५ देखि ६ कट्टासम्म अधिया बटैया जग्गा कमाउन दिएका हुन्छन् । कसैले दुनकुरे र कसैले अधियास्वरुप कमाउन दिएका हुन्छन् । ११ वर्षपहिले कृषि मजदूरको ज्याला ४ के.जी. धान र ४० रुपैयाँ थियो । कृषि मजदूरले ज्याला वृद्धिको आन्दोलन गरेर यसमा २० रुपैयाँ र १ के.जी. धान बढाएका थिए । अहिले महिला र पुरुषले समान कामको समान ज्याला पाउने गरेका छन् । सामानको महङ्गाईका हिसाबले एउटा साबुनको मूल्य ५ रुपैयाँ थियो भने अहिले १० रुपैयाँ पर्दछ । १ लिटर मट्टितेलको मूल्य ६ रुपैयाँ पर्दथ्यो भने अहिले ९० रुपैयाँ पर्छ । खानेतेलको मोल लिटरको ६० रुपैयाँ पर्दथ्यो भने अहिले १४० रुपैयाँ पर्छ । नियमित उपभोग्य वस्तुको भाउ आकासिँदै गएको छ तर कृषि मजदूरको ज्याला भने ६० रुपैयाँ मात्र छ । दिनभरको ज्यालाले मजदूरले आधा लिटर खाने तेल किन्न पनि सक्दैन । यस्तो ज्याला र व्यवहार उनीहरुका लागि अन्यायपूर्ण देखिन्छ । कृषि मजदूर र कृषक एकअर्काका पुरक हुन् । कृषि मजदूरको समस्या किसानले पनि बुझ्नुपर्छ । त्यसैले २०६४ असार ३० गते दलित संरक्षण अभियान मञ्चको पहलमा जमिन्दार, मजदूर, पत्रकार, स्थानीय दलका प्रतिनिधि, मानवअधिकारवादी र अभियानकर्ताहरुको संयुक्त छलफल आयोजना गरियो । यस छलफलको प्रक्रियागत सहजीकरणमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कल्पना कार्की, कला राई र एलेक्स लिङ्गहोमले सहयोग गरेका थिए ।

२०६५ असार ३० गते मजदूरहरुले आन्दोलन गरेको १९ औं दिनमा सिरहा जिल्लाको बस्तीपुर गाविस वडा नं ६ को मन्दिरमा किसान वार्ता समिति र मजदूर वार्ता समिति, मानवअधिकारवादी र संस्था प्रतिनिधिहरुको सहजीकरणमा सहमति भयो । सहमतिअनुसार मजदूरहरुले ८ घण्टा काम गरेबापत ६ केजी सुकेको धान, ८० रुपैयाँ पैसा, नास्ता अनिवार्य र सम्मानपूर्ण व्यवहार गर्ने सहमति भयो । यो छलफलमा मानवअधिकार सञ्जालका सुनिल साहले राम्रो भूमिका निर्वाह गर्नुभयो । सहमति गर्नका लागि निकै कठिनाई भयो । किसान वार्ता समितिका तर्फबाट जमिन्दारहरुले निकै रणनीतिक निर्णयहरु पेश गरेका थिए । उनीहरुको निर्णय सहमति भएको एक हप्तासम्म मजदूरले पुरानै दररेटमा काम गर्नुपर्ने र दश वर्षसम्म मजदूरहरुले ज्याला वृद्धिको आन्दोलन गर्न नपाउने निर्णय गर्नुपर्ने

अडान राखेका थिए । तर आन्दोलनकारीले यस्तो निर्णय तानाशाही र मानवअधिकारविरोधी हुने भएकाले मानवअधिकारवादीलाई सोच्न अनुरोध गरेपछि सबैले यसको विरोध गरेका थिए ।

छलफललाई सजिलो पार्नका लागि मजदूर र किसानबीच अन्य गाविसमा भएका सहमतिका केही उदाहरण प्रस्तुत गरियो । धनगढीमा असार २२ गते कृषि मजदूर र कृषकबीच छलफल भई पहिलेको भन्दा ज्याला वृद्धि गरेका छन् । पहिले १० घण्टा काम गरेबापत धनगढीका मजदूरले दिनको ५ के.जी. धान वा ६० रुपैयाँ पाउँथे भने अहिले दिनको ८ घण्टा काम गरेबापत ६ के.जी. धान र १०० रुपैयाँ पाउँछन् । साथै खाना खानका लागि १ घण्टा र नास्ताका लागि आधा घण्टा समय पनि दिने नियम बसाएका छन् । त्यस्तै भवानीपुर गाविसमा असार २२ गते कृषक र मजदूरबीच छलफल भई ज्याला वृद्धि गरेका छन् । हाल मजदूरले ८ घण्टा काम गरेबापत १०० रुपैयाँ वा सो रकम बराबरको अन्न दिने सहमति भएको छ । त्यसैले कृषि मजदूरले ८ घण्टा काम, ८ के.जी. धान वा १४० रुपैयाँ ज्याला माग गरेका छन् । जुन जिल्ला विकास समितिको दरअनुसार नै छ । पटक पटक आन्दोलन गरिरहनुभन्दा एकै पटक न्यायिक कामको न्यायिक ज्याला दिने सहमति गर्नु उचित हुनेछ भन्ने कुरा जमिन्दारहरुबीच राखियो । ■

# राजी समुदायलाई बासको दुःख

बर्दिया बाल शिक्षा स्कूलको १ विघा जमिनमा २३६ परिवार बस्छन् जसमा अधिकांश राजी समुदायका परिवार छन्, उनीहरु भाद्र २०६४ सालबाट बस्दै आएका छन् । २३६ परिवार भनिए तापनि एक घरमा २ देखि ६ जनाको परिवार मिलेमतोमा बस्दै आएका थिए । तर जब त्यहाँ अत्यन्तै साँघुरो र कष्ट महसुस हुन थाल्यो, ३०० परिवारले सँगैको जनजागृति सामुदायिक वनको खाली जमिनमा टहरो बनाए ।

त्यस गाई चर्ने जमिनमा जब उनीहरुको टहरा बन्यो, तब वन समूहले आफ्नो जमिन अतिक्रमण भयो भनी जिल्ला प्रशासन कार्यालयमा जमिन खाली गरिपाउँ भन्ने पत्र पठायो । त्यस क्षेत्रमा टहरा बनाउने पीडितहरुले आफ्नो बास उठाउन लागेको गुनासो त्यहाँका स्थानीय राजनीतिक पार्टी र भूमि अधिकार मञ्चमा गरे ।

तर गुनासोउपर कहींकतैबाट सुनुवाइ भएन । साउन १३ गते दिउसो १ बजे त्यस सोचविपरित वनको समूह र स्थानीय प्रशासनले उनीहरुलाई त्यहाँबाट हटाए । पीडितहरुले त्यसपछि भूमि अधिकार मञ्चमा आफ्नो समस्या राखे र त्यसलाई आन्दोलनको रुपमा लिएर दीर्घकालीन उपाय निकाल्ने निधो गरे । त्यसैअनुरुप १७ साउनबाट पीडितहरु स्थानीय प्रशासनमा धर्ना बसे । त्यस क्रममा पानी पर्ने मौसमका कारण धेरै जना मलेरिया भई बिरामी परे । कोही सर्पले टोकी बिरामी भए ।

भूमि अधिकार मञ्च र सहयात्री संस्थाले बिरामीलाई औषधि गर्नेदेखि लिएर खाना उपलब्ध गराउने, पत्रकार बोलाउने, मानव अधिकारकर्मीलाई अपिल गर्ने, उनीहरुलाई फिल्ड लगी जानकारी गराउने र पीडित र पीडकबीच वार्ता गराउने पहल गरे । ३ दिनपछि पीडित ५ जना सामुदायिक वन समुह, स्थानीय प्रशासन प्रमुख, पत्रकार र इन्सेकका मानव अधिकारकर्मीको वार्ता बस्यो । वार्ता निष्कर्षमा ५ सदस्यीय टोली बन्ने, जसको अध्यक्ष वन विभाग प्रमुख र सदस्यमा पीडित, इन्सेक, गैसस महासङ्घ र पत्रकार रहने निधो भयो । र, सहमतिका बुँदाहरु १ महिनामा लागू गर्ने समझदारी पनि भयो । सहमति भएका बुँदा यस प्रकारका छन् :

- पुरानो बसिरहेकाहरुलाई त्यहीँ बस्न दिने तर नयाँ जसले वन क्षेत्रमा घर बनाएका छन्, उनीहरुले वन क्षेत्र अतिक्रमण गरेको र अरुले पनि थप गर्न सक्ने भएकाले उनीहरुलाई त्यहाँ नबसाउने तर काठ र खरहरु उनीहरुले लगेर पुनः प्रयोग गर्न सक्ने ।
- राजी समुदाय र त्यस समुदायबाहेकका परिवार जो वन क्षेत्रबाट उठाइएका छन्, उनीहरुलाई सार्वजनिक जमिन खोजी पुनर्स्थापना गराउने र राहतका कार्यक्रम ल्याउने ।
- २ दिने निशुल्क स्वास्थ्य शिविर राख्ने ।
- जिल्ला विकास समितिले समुदायमा खानेपानी उपलब्ध गराउने ।
- तत्कालका लागि प्रशासन कार्यालयले खाद्य पदार्थ दिने । तर खाद्य पदार्थ पुर्‍याउने बुँदा मौखिक मात्र भएकाले पीडितहरु राजनीतिक दलको सहयोगमा पुगे ।

दलहरुले अहिलेलाई आन्दोलन नलम्ब्याउने र एक महिना हेर्ने बताए । मौखिक कुरालाई लिखित गराएर सार्वजनिक जमिन सबैले खोज्ने पनि प्रतिबद्धता जाहेर गरे ।

राजी समुदाय अहिले वन क्षेत्रमा छैनन् र पुरानै असजिलो स्थितिमा छन् । सहमतिका बुँदा लागू हुने कुरा पर्खिरहेका छन् । तर योभन्दा बढी गहन प्रश्न प्रयोग नभएर बाँझो छोडिएको खुला जमिन जङ्गलको नाममा राख्नचाहिँ हुने, सयौं घरपरिवार बासबिहीन हुने कुरा जायज हो कि होइन ? ■

*(रीष्ट्रिय भूमिअधिकार मञ्च, बर्दिया र अधिकारमूखी अभियान केन्द्र वर्दियाबाट प्राप्त)*

# सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सामाजिक लेखाजोखा र १३ औं साधारणसभा

भूमि अधिकार आन्दोलनको समस्त लेखाजोखाका निम्ति २०६५साउन ३० मा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले १३ औं साधारणसभा पारेर सामाजिक लेखाजोखा सम्पन्न गरेको छ। कार्यक्रमको मुख्य उद्देश्य आफूले गरेको काम, सिकाई, अनुभवहरु, त्यसमा लागेको लागत, आफ्नो आम्दानी, जनमानसमाझ ल्याउनु थियो र उनीहरुबाट आउने सलाह सुझावलाई आगामी दिनका योजनामा पारेर अरु सशक्तरुपमा अगाडि बढ्नु थियो। तल्लो तहका समुदायदेखि लिएर राष्ट्रिय-अन्तर्राष्ट्रिय सङ्घ/संस्थाबाट ९८ जनाको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यकारी निर्देशक जगत बस्नेतले संस्थाले हासिल गरेका मुख्य उपलब्धि, चुनौती र भविष्यमा लिइने रणनीति प्रस्तुत गर्नुभएको थियो। २०५१ साल देखि २०६४ पुससम्म १६,३७१ परिवारले ३७३९ हेक्टर जमिनमा आफ्नो हक स्थापीत गर्न सफल भएका, भूमि अधिकार आन्दोलन ३३ जिल्लामा फैलिन सफल भएको र १४५५ अगुवाहरु क्रियासिल रहेका जानकारी कार्यक्रमका अवसरमा दिइयो।

वित्त तथा प्रशासन संयोजक पुष्कर आचार्य र अधिकृत गीता पण्डितले त्यस अवसरमा आर्थिक अवस्था प्रस्तुत गर्नुभएको थियो। जसमा आ.व.२०६४/०६५ सालको संस्थाको आय ९१४१०७१।९३ रुपैयाँ र कुल खर्च ७१०१४९।७६ रुपैयाँ रहेको जानकारी दिनुभयो। संस्थाको आम्दानी, नगद, बैङ्कमा र अचल सम्पत्तिका रुपमा रहेको हिसावकिताप पनि पेश गरिएको थियो। सभासदहरु, भूमिसुधार र व्यवस्थापन मन्त्रालयका सचिव, समाज कल्याण परिषद्का सदस्यसचिव, एक्सन एडका निर्देशक, स्वीस विकास संस्थाका पदाधिकारी, सहयोगी संस्था, प्रो.डा.कैलाशनाथ प्याकुरेल, फिल्डका अगुवाहरु र अन्य वक्ताले संस्थाको कार्यको प्रशंसा गर्दै पछिल्ला दिनका निम्ति सल्लाह सुझाव दिएका थिए।

दोस्रो सत्र संस्थाको साधारणसभामा विधान हेरफेरसहितका एजेण्डा पास गरिएको थियो। त्यस सभाबाट संस्थाको आगामी ३ वर्षका लागि नयाँ समिति गठन भयो। जसमा निम्नानुसार पदाधिकारी चुनिए।




- डा. रोशन चित्रकार, अध्यक्ष
- शशीकला दाहाल, उपाध्यक्ष
- रेणुका पौड्याल, सदस्य सचिव
- पवित्रा दास, सहसचिव
- भागीराम चौधरी, कोषाध्यक्ष
- गणेश राम, सदस्य
- मानबहादुर क्षेत्री, सदस्य

प्रदीपकुमार चौधरी, जगतप्रसाद यादव, नेकपा (एमाले) बाट शान्ता चौधरी, पुरनसिंह दयाल, लालमणि चौधरी, रामरती राम, नेपाली काङ्ग्रेसबाट लक्ष्मी परियार, जनमोर्चा नेपालबाट रामकुमार यादव, मधेसी जनअधिकार फोरमबाट शत्रुधनप्रसाद सिंहसहितका सभासद् आएका थिए । यहाँहरुले सभालाई सम्बोधन गर्नु भएको थियो ।

## भूमिसुधारका लागि राष्ट्रव्यापी आन्दोलन

राष्ट्रिय भूमिअधिकार मञ्च नेपालले जिल्लादेखि लिएर राष्ट्रिय तहसम्म आवाज पुग्ने गरी नयाँ गणतान्त्रिक सरकारसँग आफ्ना माग कार्यान्वयनका निम्ति चरणबद्ध आन्दोलन गरिरहेका छन् । मञ्चले अर्थ मन्त्रालयमा भूमिसुधारको निम्ति बजेट व्यवस्था गर्न माग गरेको छ । भूमिसुधार तथा व्यवस्था मन्त्रीलाई भेटी विगतको आन्दोलन, भूमिसुधारको एजेण्डा र जारी आन्दोलनबारे जानकारी गराएको छ ।

त्यस्तै देशव्यापीरुपमा आफ्नो माग सार्वजानिक गर्न असोज १ बाट १५ सम्म विभिन्नरुपमा जिल्ला मञ्चको कार्यक्रम सम्पन्न गरेको छ । जसमा असोज १ मा प्रत्येक जिल्लाले आफ्ना माग सम्बोधन गर्न सरकारलाई ७ दिने म्याद दिने र साङ्केतिक दबाव दिन शान्तिपूर्ण ऱ्याली, जुलुस, कोणसभा सम्पन्न गरेको छ । यी कार्यक्रम बाग्लुङ, बर्दिया, बाँके, बारा, चितवन, दाङ, धनुषा, कैलाली, कञ्चनपुर, महोत्तरी, पर्वत, रसुवा, सिन्धुपाल्चोक, सिरहा, सप्तरी र सुनसरीले सम्पन्न गरेका छन् । सबै जिल्लाले स्थानीय एफएमद्वारा प्रशारण, पत्रकार सम्मेलन वा दसौं हजार सम्मिलित जुलुस र कोणसभा गरेका थिए ।

**मञ्चले प्रस्तुत गरेका माग**

- भूमिसम्बन्धी समस्या सुल्झाउन र भूमिपीडितलाई भूमिमाथिको स्वामित्व कायम गराउन भूमिपीडितहरु समेत सम्मिलित उच्चस्तरीय भूमिसुधार आयोग गठन गर्नुपर्ने ।
- बिनाकारण बेदखली गर्नेहरुलाई कारवाही गरी जोताहालाई जमिन उपलब्ध गराउनुपर्ने ।
- नयाँ जनमुखी भूमि व्यवस्था तथा नीति ल्याउनुपर्ने र सो कार्यान्यिनमा नआउन्जेल जग्गा हस्तान्तरण र किनबेच रोक्नुपर्ने ।

## दाङको गोवरडियामा भूमि शिविर

जिल्ला भूमिअधिकार मञ्च, दाङ र गाउँ भूमिअधिकार मञ्च गोवरडियाको आयोजनामा भदौको १४ र १५ गते गोवरडियामा भूमि शिविर सम्पन्न भयो । पहिलो दिन राजनीतिक दल, पूर्व गाविस प्रतिनिधि, स्थानीय क्लबका पदाधिकारी, समाजसेवीलगायत् करिब ३ सय सहभागीबीच भूमिसुधारका विषयमा छलफल भयो । छलफलमा भूमिअधिकार आन्दोलन, भूमिसुधारका स्थानीय मुद्दा र विभिन्न पक्षको भूमिकाका विषयमा विस्तृत छलफल भएको थियो ।

कार्यक्रममा स्थानीय स्तरका सबै दलका नेताले समुदायका कुरा सुनी आफ्नो विचार राखेका थिए । स्थानीय कलाकारले भूमिसम्बन्धी सांस्कृतिक प्रस्तुति गरेका थिए । १५ गते करिब २५० जना पीडितको सहभागितामा भूमिअधिकार आन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल भयो । गाविसस्तरको भूमिसुधार खाका बनाउने विषयमा भएको छलफललाई समुदायले बढो चाखका साथ लिएका छन् । सोही कार्यक्रममा संविधानसभा सदस्य इन्द्रजित चौधरीले भूमिसुधार नेकपा माओवादीको मूल मुद्दा रहेकाले रुपान्तरणका पक्षधर सबै मिलेर भूमिसुधार गरेर छाड्ने विषयमा पार्टीले कुनै सम्झौता नगर्ने बताउनुभयो ।

## अभियानकर्ताहरूको राष्ट्रिय भेला

भूमिअधिकार अभियानकर्ताहरुको राष्ट्रिय कार्यशाला जुनको २१ देखि २३ तारेखसम्म लुम्बिनीमा सम्पन्न भयो । कार्यक्रममा १०८ जना अभियानकर्ताको सहभागिता थियो । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका ६ जना अभियानकर्ता सहभागी भए । यो कार्यक्रममा सहजकर्ताहरु जगत देउजा, दीनमणि पोखरेल, नन्द कन्दङ्वा, डा. जगन्नाथ अधिकारी र झलक सुवेदीले सहजीकरण गर्नुभयो । कार्यक्रममा मूलतः अधिकारमुखी विकास पद्दति, जनसङ्गठन, यसका आधारभूत सिद्धान्त र विशेषताहरु, भूमिसुधार के, किन र कसरी, अभियान के, किन र कसरी गरिन्छ जस्ता विषयमा छलफल केन्द्रित भयो ।

कार्यक्रमको अन्तमा जिल्लास्तरमा खाद्य सुरक्षा र गरिबीको अधिकारसँग सम्बन्धित सवालमा अडान तयार गरी निर्वाचित सभासदसँग छुट्टाछुट्टै भेटघाट र लविङ गर्ने, प्रत्येक जिल्लामा भूमिअधिकार सभा/ऱ्याली सम्पन्न गर्ने, विश्व गरिबी दिवसको सन्दर्भ पारेर खाद्य अधिकारबाट वञ्चितहरुको राष्ट्रिय सभा सम्पन्न गर्ने, खाद्य सुरक्षा सवालमा कार्यरत् संस्थाहरुको आधिकारिक प्रतिनिधिसहितको कार्यदलका २५ संस्थाको २५ जना साथीहरुको बैठक, राष्ट्रियस्तरमा सभासद्, नीति निर्माता र दलसँग निरन्तर सम्वाद, लविङ्ग गर्ने, उपयुक्त समयमा राष्ट्रिय तहमा दबावमूलक कार्यक्रम गर्ने (संविधानसभा बैठक कक्षअगाडि धर्ना गर्ने सामूहिक कार्ययोजना बनेको छ । विषयवस्तु र अहिलेको बदलिँदो परिवेशमा भूमिअधिकार आन्दोलनका हिसावले यो कार्यशाला अति नै महत्वपूर्ण भयो । भूमि अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संस्थाको आयोजनामा भएको उक्त कार्यक्रमको संयोजन ईन्द्रेणी सामाजिक विकास मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेको थियो भने सहयोग एक्सनएड नेपालले गरेको थियो ।

# हाम्रा प्रकाशनहरू



LAND RIGHTS MOVEMENT IN NEPAL
Reflections 2007
ुनावी घोषणापत्र
र
स्तावेजहरुमा
भूमिसुधार
Land First
Occasional Journal of Land Rights
भूमिअधिकार
आर्थिक रुपान्तरणका लागि क्रान्तिकारी भूमिसुधार
भूमिअधिकार
नसुनीएका स्वरहरु
Charbroiled
CHURE
चुरेको चिरफार
संस्थागत सुशासन नीति
Land Politics and Conflict in Nepal
Realities and Potentials for Agrarian Transformation